वर्ष २० | अंक २२५ | काठमाडौं | शुक्रवार, १६ जेठ २०८२ | Friday, 30 May 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

www.abhiyandaily.com

आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक



दुई वर्षभित्र चामलमा आत्मनिर्भर बन्ने योजना ३

मधेशका अवसर र चुनौती ४

चैतको तुलनामा वैशाखमा करीब ७१ प्रतिशतले बढ्यो कारोबार रकम ७

पुराना र असफल कार्यक्रमलाई पुनः निरन्तरता ८




# निजीक्षेत्रमुखी बजेट




पृथ्वीमान श्रेष्ठ
काठमाडौं

सरकारले निजीक्षेत्रलाई रिझाउने गरी आर्थिक आर्थिक वर्ष २०८२/८३ को बजेट बिहीवार सार्वजनिक गरेको छ ।

उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले यसका लागि निजीक्षेत्रका प्रतिनिधिहरू पनि सम्मिलित भएर उच्चस्तरीय आर्थिक सुधार आयोगले दिएको धेरै सुझाव समेटेर संसद्को दुवै सदनको संयुक्त बैठकमा बजेट प्रस्तुत गरेका हुन् ।

धेरै लोकरिझ्याइँका नाराहरू नराखिएकाले बजेटको आकार धेरै बढाइएको छैन ।

सरकारले १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको बजेट विनियोजन गरेको हो, जुन चालू आर्थिक वर्ष (आव) को भन्दा ५ दशमलव ५ प्रतिशतले ठूलो हो ।

कुल बजेटमध्ये चालूतर्फ ११ खर्ब ८० अर्ब ९८ करोड रुपैयाँ, पूँजीगततर्फ ४ खर्ब ७ अर्ब ८९ करोड र वित्तीय व्यवस्थातर्फ ३ खर्ब ७५ अर्ब २४ करोड रुपैयाँ विनियोजन भएको छ ।

खर्च बेहोर्ने स्रोतमध्ये राजस्वबााट १३ खर्ब १५ अर्ब रुपैयाँ, वैदेशिक अनुदानबाट ५३ अर्ब ४५ करोड रुपैयाँ, वैदेशिक ऋणबाट २ खर्ब ३३ अर्ब ६६ करोड रुपैयाँ र आन्तरिक ऋणबाट ३ खर्ब ६२ अर्ब जुटाइने अर्थमन्त्री पौडेलले बताए ।

मूलत: बजेटले निजीक्षेत्रले उठाउँदै आएका धेरै विषय समेटेकाले निजीक्षेत्रले यसको स्वागत गर्दै कार्यान्वयनका लागि आग्रह गरेको छ ।

'निजीक्षेत्रले दिएको अधिकांश सुझाव यस बजेटले समेटेको छ र निजीक्षेत्रलाई अर्थतन्त्र चलाउने ड्राइभिङ सिटमा राखेको छ,' नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले पत्रकारहरूलाई भने ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालले बजेटको स्वागत गर्दै मौद्रिक नीति पनि बजेट कार्यान्वयनमा सघाउने खालको आउनुपर्नेमा जोड दिए ।

बजेटमा पूर्वसचिव रामेश्वर खनाल नेतृत्वको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले दिएको धेरै सुझाव समेटिएका छन् । उक्त सुझावहरू नेपालको निजीक्षेत्रले चाहेअनुसारका नै धेरै छन् ।

आयोगको सुझावअनुसार पहिलोपल्ट नेपालीलाई विदेशमा लगानी गर्न दिने घोषणा बजेटमा गरिएको छ । त्यसैगरी लगानी आकर्षित गर्न पनि थुप्रै योजना घोषणा गरिएका छन् ।

भन्सार विन्दुमा लगाउने अग्रिम आयकर खारेज, व्यापारिक उधारोसम्बन्धी ऐन ल्याउने प्रतिबद्धता, सम्पत्ति व्यवस्थापन कम्पनी, सानातिना परियोजना केन्द्रमा नपार्ने, उद्योगीलाई जग्गाको उपलब्धता सहज पार्ने र भन्सार विन्दुबाहेक अन्त हुने मालवस्तु परीक्षणमा नियन्त्रणजस्ता विषय पनि आयोगको सुझावअनुसार पारिएको छ ।

'समग्रमा बजेट सुधारमुखी छ यसले निजीक्षेत्रलाई खुशी तुल्याएको हुनुपर्छ,' आयोगका संयोजक तथा पूर्वसचिव रामेश्वर खनालले आर्थिक अभियानसँग भने । 'तर, बजेटले राजनीतिक दललाई राज्यले स्रोत दिनुपर्ने भनी आयोगले दिएको सुझाव भने कार्यान्वयनमा लगेन ।'

खनाल थप्छन्, 'हामीले अहिले अपारदर्शी ढंगले दल तथा नेताले लिने चन्दाले भ्रष्टाचार बढ्यो र क्रोनी क्यापिटलिज्मको विकास भयो भनेर राज्यले स्रोत दिनुपर्ने कुरा उठाएका थियौं । तर, त्यसको सुनुवाइ भएन र यसमा सरकार भ्रष्टाचार नियन्त्रणमा गम्भीर नभएको अर्थमा मैले बुझें ।'

उनले बजेटमा राष्ट्र बैंकले गर्ने कामको बारेमा पनि बोल्नु ठीक नभएको प्रतिक्रिया दिए ।

सरकारले पूँजीगत बजेट लक्ष्यअनुसार खर्च गर्न सकेको छैन भने निजीक्षेत्रको लगानी पनि खासै बढ्न सकेको छैन, जुन बैंक वित्तीय संस्थाबाट निजीक्षेत्रतर्फ गएको कर्जामा सीमित मात्र वृद्धि भएबाट पुष्टि हुन्छ ।

निजीक्षेत्रका प्रतिनिधिहरू राजनीतिक तथा नीतिगत अस्थिरताका कारण देशभित्र लगानीको वातावरणमा सुधार हुन नसकेका कारण लगानी नभएको बताउँछन् ।

पछिल्लो १० वर्षमा कुल स्थिर लगानी कुल गार्हस्थ्य उत्पादनको २८ दशमलव ७३ प्रतिशत रहेकोमा चालू आर्थिक वर्ष २४ दशमलव शून्य ७ प्रतिशत मात्र रहेको बिहीवार नै सार्वजनिक आर्थिक सर्वेक्षणमा उल्लेख छ । आर्थिक सर्वेक्षणअनुसार चालू आर्थिक वर्षमा निजीक्षेत्रको स्थिर लगानीको अनुपात पनि सरकारी

### बैंकिङ

- कर्जा तथा निक्षेप सुरक्षण कोषको पुनर्बीमा
- खराब कर्जा तथा गैरबैंकिङ सम्पत्ति व्यवस्थापनका लागि एसेट मेनेजमेन्ट कम्पनी स्थापना

### पीईसीसी

- कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषले प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलमा लगानी गर्न सक्ने

### सहकारी

- समस्याग्रस्त सहकारीका सञ्चालक र ऋणीको सम्पत्ति तथा पासपोर्ट रोक्का
- सहकारीको ५ लाखसम्मको निक्षेप सुरक्षण, बचत फिर्ता गर्न चक्रवर्ती कोष

### सूचना प्रविधि

- सूचना प्रविधि सेवा निर्यातबाट हुने आयकरमा ७५ प्रतिशत छूट
- सूचना प्रविधि सेवा निर्यात गर्ने व्यक्तिको आम्दानीमा ५ प्रतिशत मात्र आयकर
- डिजिटल साक्षरताका विशेष कार्यक्रम सञ्चालन

### निजीक्षेत्र

- नेपाली व्यवसायी वा कम्पनीलाई विदेशमा विक्री शाखा वा अर्धप्रशोधित सामग्री निर्यात गरी प्रशोधन कारखाना स्थापना गर्न अनुमति
- नेपाली नागरिकलाई विदेशी कम्पनीलाई प्रविधि वा विशिष्ट प्रकृतिको ज्ञान वा सेवा उपलब्ध गराएबापत स्वेट शेयर

क्षेत्रको तुलनामा घट्ने अनुमान गरिएको छ ।

आगामी आर्थिक वर्षको बजेटमा पनि आर्थिक वृद्धिका लागि उच्च योगदान गर्ने क्षेत्रमा थप नीतिगत, कानूनी र प्रक्रियागत सुधार गर्दै निजीक्षेत्रलाई आर्थिक समृद्धिको प्रमुख संवाहकको भूमिकामा स्थापित गरिने अर्थमन्त्री पौडलले उल्लेख गरे ।

निजीक्षेत्रमुखी बजेट आए पनि सरकारले नियमित रोजगारी भएका वर्गलाई रिझाउने प्रयत्न भने गरेन । आर्थिक वर्ष २०७९/८० मा आयकर नलाग्ने आयको सीमा बढाइएपछि यस वर्ष यो सीमा थप बढ्ने आशा धेरैको थियो ।

निजीक्षेत्रका प्रतिनिधि संस्थाहरूले आयकर नलाग्ने आयको सीमा व्यक्तिको हकमा कम्तीमा ८ लाख रुपैयाँ पुऱ्याउन सुझाव दिएको थियो । हाल यस्तो सीमा व्यक्तिको हकमा ५ लाख रुपैयाँ र दम्पतीको हकमा ६ लाख रुपैयाँ छ । तर, बजेटले हालको सीमा यथावत् राखेको छ ।

उच्चस्तरीय आयोगले बजारमा माग सृजना हुन नसक्दा विगत केही वर्षमा नेपालको अर्थतन्त्र सुस्ताएको जनाएको छ । आयकरमा दिने छूट बजारमा माग सृजना गर्ने एउटा आधार हो । आयकर नलाग्ने सीमा बढाउँदा मानिसको हातमा खर्चयोग्य पैसा हुन्छ र सोही रकम खर्च भएर बजारमा माग सृजना हुन्छ ।

'आयकर नलाग्ने आयको सीमा बढाउनैपर्ने स्थिति थियो तर सरकारले यो कुरालाई सम्बोधन गरेन,' नेपाल उद्योग वाणिज्य महासंघका कोषाध्यक्ष भरतराज आचार्यले भने । स्रोत जुटाउन समस्या भइरहेकाले सीमा नबढाइएको बुझाइ उनको छ ।

सरकारले सीमित स्रोत भएको अवस्थामा सरकारको अनिवार्य दायित्व बढाउने होड रोक्ने प्रयत्न गरेको छ । यसका लागि एउटा उपायको रूपमा वृद्धभत्ता पाउने उमेर ६८ वर्षबाट बढाएर फेरि ७० वर्ष पुऱ्याइएको छ । नेपालीहरूको औसत आयु बढ्दै जाने तर वृद्धभत्ता पाउने उमेर घटाउँदै जाने होड चल्दा राज्यको अनिवार्य दायित्व बढ्दै गएको थियो ।

स्रोतको अभाव देखाएर सरकारले आफ्ना कर्मचारीको तलब बढाएन, बरु भत्ता बढाएर ५ हजार रुपैयाँ पुऱ्यायो । यसअघि २०७९/८० को बजेटमार्फत कर्मचारीको तलब १५ प्रतिशत बढाइएको थियो । निजामती ऐनअनुसार प्रत्येक ३ वर्षमा सरकारी कर्मचारीले पाउने तलब भत्तामा समायानुकूल पुनर्विचार गर्ने प्रावधान छ ।

» बाँकी पृष्ठ ५ मा

# नेपालीलाई विदेशमा लगानी खुला

हिमा वि.क
काठमाडौं

- साउनबाटै लागू गर्ने गरी काम अघि बढाउने लगानी बोर्डको तयारी
- निर्यातबाट हुने आम्दानीको २५ प्रतिशतसम्म विदेशमा लगानी गर्न सकिने
- व्यवसायबाट आर्जन हुने मुनाफाको ५० प्रतिशत देशभित्र फिर्ता गर्नुपर्ने
- ज्ञान/सेवा दिएबापत स्वेट शेयर लिन पाउने कानूनी व्यवस्था गरिने

नेपाली व्यवसायीले लामो समयदेखि गर्दै आएको विदेशमा लगानी गर्न पाउनुपर्ने माग सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत सम्बोधन गरेको छ ।

सरकारले २०८१ मा ल्याएको अध्यादेश र सोही वर्ष गठित एक उच्चस्तरीय आर्थिक सुधार आयोगले दिएको सुझावसमेत समेट्दै उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आर्थिक वर्ष (आव) को बजेटमा निर्यातबाट हुने वार्षिक आम्दानीको २५ प्रतिशतसम्म लगानी विदेशमा गर्न पाउने घोषणा गरेका हुन् ।

बिहीवार संघीय संसद्को संयुक्त बैठकमा आगामी आव २०८२/८३ को बजेट वाचन गर्दै मन्त्री पौडेलले उक्त जानकारी गराएका हुन् । अब नेपाली व्यवसायी खासगरी निर्यातकर्ता व्यवसायीले विदेशमा लगानी गर्न पाउने छन् । निर्यात गर्ने व्यवसायी वा कम्पनीले अब विदेशमा लगानी गर्न पाउने र त्यसको स्वीकृति लगानी बोर्ड नेपालले गर्ने पनि उनले बताए ।

बजेट वक्तव्यको ८० नम्बर बुँदामा भनिएको छ, 'नेपाली व्यवसायी वा कम्पनीलाई विदेशमा विक्री शाखा वा अर्धप्रशोधित सामग्री निर्यात गरी प्रशोधन कारखाना स्थापना गर्न अनुमति दिइनेछ । यसका लागि निर्यातबाट हुने वार्षिक आम्दानीको २५ प्रतिशतसम्म विदेशमा लगानी गर्न पाउने कानूनी व्यवस्था गरिनेछ । यस्तो व्यवसायबाट आर्जन हुने मुनाफाको ५० प्रतिशत देशभित्र फिर्ता गर्नुपर्ने व्यवस्था गरिनेछ । विदेशमा गरिने लगानी स्वीकृतिको जिम्मेवारी लगानी बोर्डमा रहने व्यवस्था गरिनेछ ।'

हाल विदेशमा लगानी गर्न नपाइने कानूनी व्यवस्था छ । तर, व्यवसायीले अर्कै बाटोबाट विदेशमा लगानी गरिरहेका छन् ।

यस्तै बजेट वक्तव्यको ८१ नम्बर बुँदामा नेपाली नागरिकले विदेशी कम्पनीलाई प्रविधि वा विशिष्ट प्रकृतिको ज्ञान वा सेवा उपलब्ध गराएबापत स्वेट शेयर लिन पाउने कानूनी व्यवस्था गरिने उल्लेख छ । लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सुशील ज्ञवालीले सरकारले विदेशमा गरिने लगानीको स्वीकृति दिने अधिकार बोर्डलाई दिए पनि कानूनी व्यवस्थादेखि अन्य आवश्यक प्रक्रियाको विषयमा छलफल भइरहेको जानकारी दिए । सरकारले बजेटमा घोषणा गरेको उक्त विषय साउनदेखि नै कार्यान्वयन गर्ने गरी गृहकार्य गरिने उनको दाबी छ ।


'विदेशमा लगानी स्वीकृति दिने अधिकार दिइए पनि कानूनी व्यवस्था र अन्य तयारीको काम शुरू गर्नुपर्नेछ,' उनले भने । 'अहिले विदेशी लगानी ल्याउने एउटा विधि र विदेशमा लगानी गर्न पाउने अर्थात् लैजाने विधि अर्कै हुन्छ, हामीसँग विदेशमा लगानी गर्न पाउने स्पष्ट कानूनी व्यवस्था नभएकाले यो बनाउनुपर्छ ।'


उनले यो काम कसरी गर्ने भनेर छलफल भइरहेको बताए । 'तर, तयारी अन्तिम चरणमा पुगेको छैन,' उनले भने, 'साउनबाटै लागू गर्ने ढंगले तयारी अघि बढाउनेछौं ।'


उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले चैत २९ गते बुझाएको प्रतिवेदन (आर्थिक सुधारको मार्गचित्र)मा पनि उक्त सुझाव छ । त्यसअघि २०८१ पुसमै सरकारले ल्याएको 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' ले विदेशमा लगानी खुला गर्नका लागि विभिन्न सुधारका व्यवस्था गरेको थियो । आयोगले विदेशमा लगानी गर्न पाइने क्षेत्रहरू, लगानीको सीमा, स्वीकृतिको विधि, नियमन गर्ने विधि आदि स्पष्ट पारिएको विदेशमा गरिने लगानी नियमन गर्ने ऐन जारी गर्न सुझाव दिएको थियो ।

उक्त आयोगले 'वस्तु वा सेवा निर्यात गरेका फर्म वा कम्पनीले एक आवमा पछिल्लो ३ वर्षमा आर्जन गरेको सरदर वार्षिक निर्यात आम्दानीको २५ प्रतिशतसम्म विदेशमा विक्री शाखा खोल्न वा अर्धप्रशोधित सामग्री निर्यात गरी गन्तव्य मुलुकमा अन्तिम प्रशोधन गरी विक्री गर्ने कारखाना खोल्न विदेशमा लगानी गर्न दिने,' सुझाव दिएको थियो ।

» बाँकी पृष्ठ ५ मा




## करका दरमा अर्थमन्त्री संयमित

# विद्युतीय गाडीमा कर यथावत्, डिजिटल भुक्तानीमा लाग्ने भ्याट खारेज

विजय दमासे
काठमाडौं

अर्थमन्त्रीले यसपटक बजेटका क्रममा करका दरमा संयम अपनाएका छन् । उनले विद्युतीय गाडी, डिजिटल कारोबारलाई प्रवर्द्धन गर्ने सरकारको नीतिबमोजिम नै त्यस्ता क्षेत्रमा कर बढाएका छैनन् । स्वास्थ्य जोखिम करका नाममा मदिरा, चुरोटमा संयमपूर्वक दरहरू चलाएका छन् ।

विद्युतीय सवारीसाधन (ईभी) प्रयोगलाई प्रोत्साहित गरी वातावरण प्रदूषण न्यूनीकरण गर्न र विद्युत्को आन्तरिक खपत बढाउन त्यस्ता सवारीसाधनमा लगाइएको सबै प्रकारका कर तथा महशुल यथावत् राखिएको अर्थमन्त्री पौडेलले बजेट भाषणका क्रममा बताए । विद्युतीय सवारीसाधनमा लगाउँदै आएको कर यथावत् रहेको बताए ।

अहिले ५० किलोवाटसम्मका गाडीमा १५ प्रतिशत भन्सार महशुल र ५ प्रतिशत अन्तःशुल्क लाग्छ । ५० देखि १०० किलोवाटसम्मका गाडीमा २० प्रतिशत महशुल र १५ प्रतिशत अन्तःशुल्क छ । १०० देखि २०० किलोवाटसम्मका गाडीमा ३० प्रतिशत भन्सार र २० प्रतिशत अन्तःशुल्क लाग्ने गरेको छ । २०० देखि ३०० किलोवाटसम्मका गाडीमा ६० प्रतिशत भन्सार महशुल र ३५ प्रतिशत अन्तःशुल्क रहेको छ । ३०० किलोवाटमाथिका गाडीमा ८० प्रतिशत भन्सार महशुल र ५० प्रतिशत अन्तःशुल्क लाग्ने व्यवस्था छ ।

| मूल्य बढ्न सक्ने वस्तु | मूल्य घट्न सक्ने वस्तु/सेवा |
|---|---|
| आयातित मदिरा, चुरोट | चिनी |
| सुन | डिजिटल भुक्तानी |
| सिमेन्ट | धान, चामल, दाल, गेडागुडी |
| डन्डी | सूचना प्रविधि |
| | श्रवणयन्त्र |

सरकारले सबै विद्युतीय गाडीमा ५ प्रतिशत सडक निर्माण दस्तुर लगाउँदै आएको छ । सरकारले यी सबै व्यवस्थालाई निरन्तरता दिएको हो । सरकारले बजेटमार्फत भन्सार महशुल बढाउन सक्ने हल्लाबीच व्यापारीले धमाधम गाडी आयात गर्दा चोभारस्थित सुक्खा बन्दरगाह, तातोपानी र रसुवागढी भन्सार परिसर विद्युतीय गाडीले भरिभराउ छन् । विद्युतीय सवारीसाधन एसेम्बलिङ उद्योगलाई १ प्रतिशत मात्रै भन्सार लाग्ने अर्थमन्त्री पौडेलले बताए

यसलाई अटो व्यवसायीले स्वागत गरेका छन् । नाडा अटोमोबाइल्स एशोसिएशन अफ नेपाल (नाडा) का करण चौधरीले बजेटले अटो क्षेत्रको भावनालाई पूर्णरूपमा बुझेको प्रतिक्रिया दिए । 'बजेटले अटो क्षेत्रको भावनालाई बुझ्यो,' अध्यक्ष चौधरीले भने । 'उद्योगी, उद्यमी र युवालाई प्रोत्साहन गर्ने बजेट सकारात्मक छ ।'

ईभी मात्रै नभएर ईभीसँग जोडिएका व्यवसायलाई प्रोत्साहन गरेको पनि उनले बताए । भृकुटीमण्डपलाई अन्तरराष्ट्रिय प्रदर्शनी केन्द्रका रूपमा विकास गर्न खोज्नु उचित भएको उनको भनाइ छ ।

त्यस्तै, सरकारले डिजिटल भुक्तानीमा लाग्ने मूल्य अभिवृद्धिकर (भ्याट) खारेज गरेको छ । चालू आर्थिक वर्षको बजेटमा डिजिटल पेमेन्ट एन्ड क्लियरिङमा भ्याट लागू गरिएपछि त्यसको आलोचना भएको थियो । बजेटमार्फत उक्त व्यवस्था लागू भएपछि क्लियरिङ र सेटलमेन्ट सेवा दिने एनसीएचएल र फोनपे दुवैले १३ प्रतिशतले शुल्क बढाएका थिए । यसको भार उपभोक्तामाथि थपिएको थियो ।

अब सुन र सुनका गरगहनाको विक्री मूल्यमा २ प्रतिशत विलासिता शुल्क लाग्ने भएको छ । यसअघि १० लाखभन्दा बढी मूल्यका सुनका गरगहना वा हीरा, मोती, पत्थर जडित सुनको गहनामा मात्रै विलासिता शुल्क लाग्ने गरेको थियो । आर्थिक विधेयक २०८२ मा भने 'सुन तथा सुनका गरगहनाको विक्री मूल्यमा' २ प्रतिशत विलासिता शुल्क लगाई असुल गरिने उल्लेख छ ।

» बाँकी पृष्ठ ५ मा



तस्वीर : आर्थिक अभियान

**प्राइम कमर्सियल बैंक लिमिटेड, कोशी प्रदेशद्वारा आयोजित फुटसल प्रतियोगिताको विजयी टोलीका सदस्यहरू । बिहीवार दमकमा आयोजित प्रतियोगितामा बैंकको कोशी प्रदेश रहेका शाखाहरूको संयोजनमा ६ टिम सहभागी थिए । प्रतियोगितामा इटहरी एरिया टिम विजयी भएको छ ।**

### कृषिमा ५७ अर्ब ४८ करोड बजेट

# दुईवर्ष भित्र चामलमा आत्मनिर्भर बन्ने योजना

**अभियान संवाददाता**

काठमाडौं

सरकारले आगामी आर्थिक वर्ष (आव) २०८२/८३ का लागि कृषि क्षेत्रमा ५७ अर्ब ४८ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ। बजेटमार्फत सरकारले चैतेधान उत्पादन हुने क्षेत्रको विस्तार गरी आगामी दुई वर्षभित्र चामलमा आत्मनिर्भर बन्ने योजना अघि सारेको छ। बिहीवार आगामी आवको बजेट प्रस्तुत गर्दै अर्थमन्त्री विष्णुप्रसाद पौडेलले दुई वर्षभित्र चामलमा आत्मनिर्भर बन्न भित्री मधेशका २२ जिल्लामा चैते धानखेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने बताए। यसबाट १२ लाख मेट्रिक टन धान थप उत्पादन हुने सरकारको अनुमान छ।

चैतेधान खेती विस्तारका लागि सिँचाइ पूर्वाधार निर्माण गर्न ३३ करोड रुपैयाँ विनियोजन गरिएको उनले बताए। चामल उत्पादनमा आत्मनिर्भर बन्ने लक्ष्यसहित सरकारले बजेटमार्फत रासायनिक मलको आपूर्तिमा समेत वृद्धि गर्ने लक्ष्य लिएको छ। आगामी आवमा रासायनिक मलको आपूर्ति विस्तार गरी ६ लाख मेट्रिक टन पुऱ्याउने सरकारको योजना छ।

रासायानिक मलमा अनुदानका लागि सरकारले २८ अर्ब ८२ करोड रुपैयाँ विनियोजन गरेको छ। लगानी बोर्डमार्फत रासायानिक मल कारखाना स्थापना गर्न आवश्यक तयारी गर्ने र माटोको गुणस्तर कायम राखी उत्पादकत्व वृद्धि गर्न प्रांगारिक कृषि प्रवर्द्धन कार्यक्रमका लागि ४० करोड रुपैयाँ विनियोजन गरिएको मन्त्री पौडेलले जानकारी दिए।

सरकारले राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत कृषि तथा पशुपालनतर्फका २१ सुपरजोन र २०६ जोनमा सिँचाइ, मल, बिउ र प्रविधिका लागि पूँजीगत अनुदान तथा सहुलियत उपलब्ध गराउन ३ अर्ब ५० करोड रुपैयाँ विनियोजन गरेको छ।

यस कार्यक्रममार्फत ४ हजार ८ सय ५० हेक्टर जमीनमा उन्नत प्रविधिसहित



**बजेट प्रस्तुत गर्दै अर्थमन्त्री विष्णुप्रसाद पौडेलले दुई वर्षभित्र चामलमा आत्मनिर्भर बन्न भित्री मधेशका २२ जिल्लामा चैते धानखेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने बताए। यसबाट १२ लाख मेट्रिक टन धान थप उत्पादन हुने सरकारको अनुमान छ।**

१५ बालीको क्षेत्र विस्तार गर्ने सरकारी योजना छ। साना सिँचाइ पूर्वाधार विकास गरी थप ६ हजार हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराउने र प्रदेश तहबाट ब्लक र स्थानीय तहबाट पकेट क्षेत्रको कार्यक्रम सञ्चालन गर्न पूँजीगत अनुदानको व्यवस्था गरिने बजेटमा उल्लेख छ।

चालू आवको बजेटमा सरकारले सरकारी, निजी, सहकारी तथा विकास साझेदारबाट कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्ने उद्देश्यसहित लगानी दशकको घोषणा गरेको थियो । तर आगामी आवको बजेटबाट भने लगानी दशकको कार्यक्रमनै सरकारले हटाएको छ।

आव २०८१/८२ को बजेटमार्फत सरकारले २०८१ देखि २०९१ सम्मको अवधिलाई कृषिमा लगानी दशक कार्यक्रम घोषणा गरेको थियो । घोषणासँगै चालू आवमा नै यसका लागि बजेट जुटाउने, अवधारणा पत्र तयार पार्ने र विभिन्न कार्यक्रम अघि बढाउने बताइएको थियो। तर, आगामी आवको बजेटबाट सरकारले उक्त कार्यक्रम नै हटाएको हो।

खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीले सरकारले कृषिमा लगानी दशकको खिल्ली उडाउने काम गरेको तर्क गरे। कार्यक्रम घोषणा गरेको एक वर्षसम्म पनि सरकारले त्यसमा कुनै काम अघि बढाउन नसकेको उनको आरोप छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रवक्ता सवनम शिवाकोटीले भने सरकारले बजेटमा नसमेटे पनि मन्त्रालयको नियमित कार्यक्रममा भने लगानी दशकलाई सुचारु राखिएको बताइन्।

बाली लगाउने समयभन्दा १५ दिन अगावै धान, मकै, गहुँ, उखु, कफी लगायतका उत्पादनको समर्थन मूल्य तोक्ने बजेटमा उल्लेख छ । यसअघि सरकारले आर्थिक सुधार कार्यान्वयन कार्ययोजनामा समेत यसलाई राखेको थियो । सरकारले यस्ता खाद्यवस्तुको बजारमा अभाव भएको खण्डमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत खरीद गर्ने व्यवस्था मिलाउने बताइएको छ । अलैंची, चिया, कफी, अदुवा, बेसार, सुन्तला, अकबरे खुर्सानी, छुर्पी र दुग्धजन्य पदार्थ लगायतको गुणस्तर मापदण्ड निर्धारण, प्रयोगशाला परीक्षण र ब्राण्डिङको व्यवस्था गरी निर्यात प्रवर्द्धन गर्ने बजेटमा उल्लेख छ।

कृषि तथा पशुपन्छी बीमा कार्यक्रममा साना तथा मझौला किसानको पहुँच विस्तार गर्ने र बाली तथा पशु बीमाको प्रिमियममा दिइने अनुदानका लागि सरकारले २ अर्ब ३० करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । साथै किसानलाई मौसम पूर्वानुमान, कृषि उपजको मूल्य र कृषि सामग्रीको उपलब्धताका सम्बन्धमा सूचना उपलब्ध गराउन 'किसान एप'को विकास र एसएमएस सेवालाई व्यवस्थित गर्ने सरकारी योजना छ।

# एनआरएनलाई धितोपत्र दोस्रो बजारमा कारोबारको अनुमति दिइने

**प्रजिता बुढाथोकी**

काठमाडौं

अर्थमन्त्री विष्णु पौडेलले गैरआवासीय नेपालीलाई धितोपत्रको दोस्रो बजारमा कारोबारको अनुमति दिने व्यवस्था गरिने घोषणा गरेका छन् । उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले दिएको सुझाव अनुसार यस्तो घोषणा आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत गरिएको छ।

गैरआवासीय नेपालीलाई नेपालको पूँजीबजारमा भित्र्याउने पहल विगत धेरै वर्षदेखि भइरहे पनि त्यसले पूर्णता पाइसकेको छैन । नियामक निकाय नेपाल धितोपत्र बोर्डले यस विषयमा अध्ययन गरी अर्थ मन्त्रालयमा प्रतिवेदन समेत पेश गरिसकेको छ। बोर्डले गैरआवासीय नेपालीलाई पूँजीबजारमा भित्र्याउने विषयमा अध्ययन गर्न चारसदस्यीय समिति नै गठन गरेर काम गरेको हो । अर्थमन्त्री पौडेलले सरकारी ऋणपत्रको दोस्रो बजार कारोबार शुरू गरिने घोषणा गरेका छन् । बजेटमा धितोपत्र बजारमा सूचीकृत लगानी कम्पनी र अन्य संस्थागत लगानीकर्तालाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको स्वपूँजी, ऋणपत्र र अन्य धितोपत्रमा लगानी गर्न सहजीकरण गरिने उल्लेख छ।

कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषले प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलमा लगानी गर्न सक्ने गरी कानूनी व्यवस्था गरिने सरकारले घोषणा गरेको छ । पूँजीका रूपमा बलिया यी संस्थाहरूले प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलमा लगानी गर्न पाउने व्यवस्थाले यी क्षेत्रमा आवश्यक लगानीको स्रोत जुटाउन सहज हुने अपेक्षा गरिएको छ।

त्यसैगरी नियामक निकायहरूको क्षमता विकासलाई प्राथमिकतामा राखेको सरकारले धितोपत्र बजारको नियामक निकाय नेपाल धितोपत्र बोर्ड (सेबोन) र बजार सञ्चालक नेपाल स्टक एक्सचेञ्ज (नेप्से)को संस्थागत विकास गर्ने बजेटमा उल्लेख छ।



**कर्मचारी सञ्चयकोष, नागरिक लगानीकोष र सामाजिक सुरक्षा कोषले प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलमा लगानी गर्न पाउने व्यवस्था सकारात्मक छ।**

**धर्मराज सापकोटा**
**कार्यवाहक सभापति, पूँजीबजार फोरम, नेपाल उद्योग वाणिज्य महासंघ**



**बजेटअघि विभिन्न सञ्चारमाध्यममा पूँजीगत लाभकर बढ्ने हल्लालाई बजेटले गलत सावित गरेको छ।**

**छोटेलाल रौनियार**
**पूर्वअध्यक्ष**
**नेपाल इन्भेष्टर्स फोरम**

पूँजीबजारका नागरिकको लगानी र हित संरक्षण गर्न बोर्डको संस्थागत क्षमता सुदृढ गनुपर्ने र नेप्सेको पुन:संरचना गरी संस्थागत क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता बजेटले औंल्याएको हो । चालू आर्थिक वर्ष २०८१/८२ को बजेटमा पनि नेप्से र बोर्डको पुन:संरचनाको विषय उल्लेख थियो । नेप्सेले डेढ वर्षअघि नै पुन:संरचनाको प्रस्ताव अर्थ मन्त्रालयमा पेश गरिसकेको भए पनि हालसम्म स्वीकृत भएको छैन । आयोगको प्रतिवेदनलाई आधार बनाएर पूँजीबजारका लागि पनि बजेटमा आवश्यक व्यवस्था गरिएको हो । पूर्व अर्थसचिव रामेश्वर खनाल नेतृत्वको आयोगले पूँजीबजारका महत्त्वपूर्ण विषय उठान गरी विभिन्न १३ बुँदे सुझाव पेश गरेको थियो।

पछिल्लो समय वित्तीय कारोबारमा अनिवार्य हुँदै गएको राष्ट्रिय परिचयपत्र धितोपत्र कारोबारमा पनि अनिवार्य हुने भएको छ । आगामी आर्थिक वर्षको बजेटमा धितोपत्र कारोबारमा पनि राष्ट्रिय परिचयपत्र प्रयोग गरिने उल्लेख भएको हो । नेपाल दूरसञ्चार कम्पनीमा सर्वसाधारणतर्फको हिस्सा ३० प्रतिशत कायम गर्ने बजेटमै व्यवस्था गरिएकाले आगामी दिनमा थप सर्वसाधारण शेयरधनीहरूले लगानी गर्ने अवसर पाउने भएका छन् । बजेटमा नयाँ विषय नभए पनि पुराना व्यवस्थाको निरन्तरताले बजारमा सकारात्मक प्रभाव पर्ने टिप्पणी जानकारहरूको छ । नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गत पूँजीबजार फोरमका कार्यवाहक सभापति धर्मराज सापकोटाले लगानीकर्तामा रहेको पूँजीगत लाभकर बढ्ने त्रास बजेटले हटाएको बताए।

कर्मचारी सञ्चयकोष, नागरिक लगानीकोष र सामाजिक सुरक्षा कोषले प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलमा लगानी गर्न पाउने व्यवस्थाले यी क्षेत्रमा लगानीको दायरा विस्तार हुने र धितोपत्र बजारमा सकारात्मक प्रभाव पर्ने तर्क सापकोटाको छ। नेपाल इन्भेष्टर्स फोरमका पूर्वअध्यक्ष छोटेलाल रौनियारले पनि बजेटअघि विभिन्न सञ्चारमाध्यममा पूँजीगत लाभकर बढ्ने हल्लालाई बजेटले गलत सावित गरेको बताए।

# पछिल्लो वर्षमा वैदेशिक सहायता प्राप्तिमा कमी

काठमाडौं । पछिल्लो वर्षमा वैदेशिक सहायता प्राप्तिमा कमी आएको छ । प्रतिनिधिसभाको बिहीवारको बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेलले प्रस्तुत गरेको 'आर्थिक सर्वेक्षण २०८१/८२' मा भनिएको छ, 'आर्थिक वर्ष २०८०/८१ मा संघीय सञ्चित कोषमा प्राप्त वैदेशिक अनुदान रू. २४ अर्ब एक करोड र वैदेशिक ऋण रू. एक खर्ब १३ अर्ब २७ करोड गरी कुल वैदेशिक सहायता प्राप्ति रू. एक खर्ब ३७ अर्ब २८ करोड रहेको छ।'

यस अवधिको कुल वैदेशिक सहायता प्राप्तिमध्ये ऋण र अनुदानको अंश क्रमश: ८२ दशमलव पाँच प्रतिशत र १७ दशमलव पाँच प्रतिशत रहेको सरकारले जनाएको छ । आव २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा वैदेशिक सहायता प्राप्ति दुई दशमलव चार प्रतिशत रहेको छ।

'चालू आवको फागुनसम्म वैदेशिक अनुदान रू. नौ अर्ब १६ करोड र वैदेशिक ऋण रू. ६५ अर्ब ७४ करोड गरी कुल वैदेशिक सहायता प्राप्ति रू. ७४ अर्ब ६३ करोड पुगेको छ, जुन गत आवको सोही अवधिको तुलनामा १३ दशमलव आठ प्रतिशतले बढी हो,' सर्वेक्षणमा भनिएको छ। *रासस*

## मिर्गौला प्रत्यारोपणपछि सगरमाथा आरोहण गरेका पेम्बालाई एनसेलको साथ

काठमाडौं (अस) । मिर्गौला प्रत्यारोपण पछि सफल सगरमाथा आरोहण गरेका पेम्बा शेर्पाको यात्रामा एनसेल फाउन्डेसनले सहयोग गरेको जानकारी दिएको छ। मिर्गौला प्रत्यारोपणपछि सगरमाथाको सफल आरोहण गर्ने पेम्बा पहिलो व्यक्ति भएको दाबी गरिएको छ । 'यो ऐतिहासिक सफलता साहस, संकल्प र शक्तिको उदाहरण मात्र नभई दृढ संकल्पका साथ देखिएका सपना असम्भव छैन भन्ने सशक्त सन्देश पनि हो,' एनसेलले भनेको छ । उनले वैशाख ३१ गते बिहान सगरमाथाको आरोहण गरेका थिए।

यो यात्रा एक व्यक्तिगत विजय मात्र नभई शारीरिक चुनौती भोगिरहेकाका लागि आशाको उज्यालो साबित भएको एनसेलको भनाइ छ । साथै यो यात्राले जलवायु परिवर्तनका कारण संकटमा परेका हिमालको संरक्षणको लागि जनचेतना फैलाउने महत्त्वपूर्ण कार्य गरेको बताइको छ। 'उहाँको यात्रा प्रेरणा, सहनशीलता र प्रतिबद्धताको कथा हो, यो केवल एक व्यक्तिगत लक्ष्यप्राप्ति मात्र नभई विश्वव्यापी जलवायु मुद्दाप्रति एक आह्वान पनि हो, यस महत्त्वपूर्ण यात्राको सहयात्री हुन पाएकोमा हामी निकै खुशी छौं,' एनसेल फाउन्डेसन एन्ड स्पेशल प्रोजेक्ट डाइरेक्टर विशाखा लक्ष्मी खड्काले भनिन्।

## चितवनमा 'फेबर प्लाटिनम स्टुडियो'

चितवन (अस) । चितवनमा इटाली प्रविधिको होम एप्लायन्सको शोरूम 'फेबर प्लाटिनम स्टुडियो' शुरू गरिएको छ । बिहीवार एक कार्यक्रमबीच भरतपुर बसपार्कमा रहेको स्टुडियोको उद्घाटन गरिएको हो । शोरूमको भरतपुर महानगरपालिका-१० का अध्यक्ष परमेश्वर खनालले उद्घाटन गरेका हुन्। सो क्रममा अध्यक्ष खनालले यस्ता शोरूम उद्यम तथा रोजगारी सृजनामा सहयोग पुग्ने बताए।

काठमाडौंमा सात, कोशी प्रदेशमा तीन तथा पोखरा, बुटवल र भरतपुरमा गरी फेबर प्लाटिनम स्टुडियोको संख्या १३ पुगेको बताइएको छ। नेपालमा युएचएस होल्डिंग्स प्रालिले इटालियन ब्राण्ड फेबरको सामान आयात तथा वितरण गर्दै आएको छ। फेबरले चिम्नी, ओभन, डिस वासर, इलेक्ट्रिक चुल्हो लगायत वाटर फिल्टर लगायत उत्पादन गर्दै आएको छ।

# सेज र औद्योगिक क्षेत्रमा लगानीकर्ता आकर्षित गर्ने रणनीति

- **सेजको मासिक भाडादर प्रतिवर्गमिटर रू. ५ कायम गरिने**
- **औद्योगिक क्षेत्रका उद्योगले उत्पादनको तीस प्रतिशतभन्दा बढी निर्यात सेजका उद्योग सरहको सुविधा**
- **उपत्यकाबाहिर जाने उद्योगलाई नि:शुल्क जग्गा उपलब्ध गराउने**
- **उद्योग/उत्पादनका लागि लिएका नीति सकारात्मक : निजीक्षेत्र**

**हिमा वि.क**

काठमाडौं

सरकारले उद्योग, व्यवसायका लागि विशेष आर्थिक क्षेत्र (सेज) र औद्योगिक क्षेत्रमा जान प्रेरित गर्ने रणनीति लिएको देखिएको छ । उद्योगी व्यवसायीले जग्गा खरीद गरेर व्यवसाय गर्न सकिने अवस्था नरहेको भनिरहेका बेला सरकारले सेज र औद्योगिक क्षेत्रमा जाने उद्योगलाई लाग्दै आएको जग्गाको भाडादर घटाउनुका साथै उपत्यका बाहिर जाने उद्योगलाई नि:शुल्क जग्गा दिने घोषणा सरकारले गरेको छ।



उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बिहीवार ल्याएको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यक्रममार्फत यस्तो घोषणा गरेका हुन् । नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले अहिलेको विषम परिस्थितिमा आएको बजेट भए पनि सन्तुलित र उद्यमी व्यवसायमा उत्साह जागृत गर्नेखालको भएको टिप्पणी गरे । 'निजीक्षेत्रका धेरै कुरा बजेटमा समेटिएका छन्,' उनले भने, 'उत्पादन प्रवर्द्धनका लागि जग्गाहरू भाडा (लिज)मा दिने, उद्योगहरू काठमाडौंबाट सार्नुपऱ्यो भने त्यसमा सहजीकरण, अपार्टमेन्ट पनि लामो समयसम्मका लागि भाडामा लिने जस्ता विषय सकारात्मक छन्।'

निजीक्षेत्र उत्साहित देखिएको भन्दै उनले सानासाना आयोजनाभन्दा पनि कम्प्याक्ट बजेटको रूपमा अहिलेको बजेट आएको बताए । उद्योग, व्यापार र लगानी प्रवर्द्धनका लागि सरकारले ल्याएको बजेटमा 'काम खोज्ने होइन, काम दिने युवाको संख्या वृद्धि गर्न नवप्रवर्तनमा आधारित स्टार्टअप उद्यमशीलता प्रवर्द्धन गरिने उल्लेख गरिएको छ । विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्रमा नयाँ उद्योग स्थापना गर्ने अनुमति प्राप्त उद्योगलाई शुरूका तीन वर्षको भाडा छूट दिइने सरकारले घोषणा गरेको हो।

अहिले भैरहवा र सिमरा सेजमा उद्योग सञ्चालनमा छन्। विशेष आर्थिक क्षेत्रको मासिक भाडादर प्रतिवर्गमिटर २० रुपैयाँ छ। त्यहाँ उद्योग व्यवसाय गर्दै आएका व्यवसायीले भाडा महँगो भयो भन्दै आएको र घटाएर ५ रुपैयाँमा झार्न भनेको लामो समयपछि सरकारले बजेटमार्फत प्रतिवर्गमिटर मासिक ५ रुपैयाँ भाडादर कायम गर्ने घोषणा गरेको हो।

यस्तै सरकारले औद्योगिक क्षेत्रका उद्योगले उत्पादनको ३० प्रतिशतभन्दा बढी निर्यात गरेमा विशेष आर्थिक क्षेत्रका उद्योग सरहको सुविधा दिइने पनि घोषणा गरेको छ। औद्योगिक क्षेत्र निर्माण गर्ने कम्पनीलाई जलविद्युत् उत्पादन कम्पनी सरह र त्यस्तो औद्योगिक क्षेत्रमा स्थापना हुने उद्योगलाई विशेष आर्थिक क्षेत्रका उद्योग सरहको सुविधा उपलब्ध गराउने पनि घोषणा गरिएको छ।

यस्तै औद्योगिक क्षेत्रको लागि निर्धारित मासिक भाडादरमा ५० प्रतिशत कटौती गरिने भएको छ । सरकारले औद्योगिक पूर्वाधार निर्माणका लागि १ अर्ब ५५ करोड रूपैयाँ बजेट विनियोजन गरेको छ । 'जेनजी' पुस्तालाई उद्यमशील र व्यावसायिक बनाउन सरकार, विश्वविद्यालय र निजी क्षेत्रसँगको सहकार्यमा इन्क्विवेशन सेन्टर सञ्चालन गरिने भएको छ।

स्टार्टअप उद्यमीलाई शीप विकास, व्यवसाय विस्तार, बजारीकरण र मूल्य शृंखलामा आबद्ध गर्न सहुलियतपूर्ण कर्जा कार्यक्रम विस्तार गरेको छ। 'यसका लागि ३ प्रतिशत ब्याजदरमा ऋण उपलब्ध गराउन ७३ करोड रुपैयाँ विनियोजन गरेको छु,' अर्थमन्त्री पौडेलले भने । उद्योग व्यवसाय सम्बद्ध सार्वजनिक सेवालाई सरल, सहज र प्रविधिमैत्री बनाउन कम्पनीको दर्तादेखि बहिर्गमन (खारेज)सम्मका सबै कार्य एकल विन्दुबाट सम्पादन हुने व्यवस्था गरिने भएको छ।

## मुलुकमा सडकको लम्बाइ ३६ हजार १३२ किलोमिटर

काठमाडौं । अर्थमन्त्री विष्णु पौडेलले बिहीवार संसद्मा प्रस्तुत गरेको आर्थिक सर्वेक्षण प्रतिवेदनअनुसार २०८१ फागुनसम्ममा मुलुकमा सडकको लम्बाइ ३६ हजार १३२ किलोमिटर पुगेको छ।

'विक्रम संवत् २०८१ फागुनसम्म रणनीतिक सडक सञ्जाल र स्थानीय सडक सञ्जाल गरी १९ हजार १६३ किलोमिटर कालोपत्र, आठ हजार २०४ किलोमिटर खण्डास्मित र आठ हजार ७६५ किलोमिटर कच्ची सडक पुगेको छ,' सर्वेक्षणमा उल्लेख छ, '२०८१ असारसम्म १८ हजार ८०८ किलोमिटर कालोपत्र आठ हजार २४ किलोमिटर खण्डास्मित र आठ हजार ६५८ किलोमिटर कच्ची सडक गरी सडकको लम्बाइ ३५ हजार ४९० किलोमिटर रहेको थियो।'

सर्वेक्षणअनुसार मध्यपहाडी लोकमार्गको कुल लम्बाइ एक हजार ८७९ किलोमिटरमध्ये २०८१ असारसम्म एक हजार ४५२ किलोमिटर कालोपत्र सम्पन्न भएकामा चालू आर्थिक वर्षको फागुनसम्म थप ११ किलोमिटर सडक कालोपत्र भई एक हजार ४६३ किलोमिटर पुगेको छ। लोकमार्गमा पर्ने १३७ पुलमध्ये २०८१ फागुनसम्म १०७ पुलको निर्माणसम्पन्न भएको सर्वेक्षणमा उल्लेख छ।

सर्वेक्षणअनुसार हुलाकी लोकमार्गको कुल लम्बाइ एक हजार ८५७ किलोमिटरमध्ये २०८१ असारसम्म एक हजार २५९ किलोमिटर कालोपत्र सम्पन्न भएकामा चालू आवको फागुनसम्म थप ३२ किलोमिटर सडक कालोपत्र भई एक हजार २९१ किलोमिटर पुगेको छ। यसअन्तर्गतका २५० पुलमध्ये २०८१ फागुनसम्म १४२ पुलको निर्माणसम्पन्न भएको छ।

उत्तर-दक्षिण लोकमार्ग कालीगण्डकी करिडोरको कुल लम्बाइ (४४७ किलोमिटर) को गैंडाकोट-राम्दी-मालढुङ्गा खण्ड २४५ किलोमिटर सडकखण्डमध्ये २०८१ फागुनसम्म १९५ किलोमिटर सडक कालोपत्र भएको छ । २०८१ असारसम्म मालढुङ्गा-बेनी-जोमसोम-कोरला खण्डअन्तर्गत ८७ किलोमिटर ग्राभेल, ६० किलोमिटर कालोपत्र सडक र १० पुलको निर्माणसम्पन्न भएकामा चालू आर्थिक वर्षको फागुनसम्म ६५ किलोमिटर सडक कालोपत्र भएको छभने १३ पुल निर्माण भएको सर्वेक्षणमा उल्लेख छ। *रासस*

राष्ट्रिय बजेटले देशका मूल्य र प्राथमिकताहरू झल्काउनुपर्छ ।
**– बाराक ओबामा**

## सम्पादकीय

# नाराविहीन बजेट

अर्थमन्त्री विष्णु पौडेलले आगामी आर्थिक वर्ष (आव)का लागि चालू आवको भन्दा १ खर्ब ३ अर्ब बढाएर १९ खर्ब ६४ अर्ब रुपैयाँको बजेट सार्वजनिक गरेका छन् । ६ प्रतिशत आर्थिक वृद्धिदरको लक्ष्य लिएको बजेटका अधिकांश कार्यक्रम र लक्ष्य विगतकै दोहोरिए पनि चालू आवको बजेटमा विगतमा जस्तो शब्दालंकार र नाराको प्रयोग भने कम देखिन्छ । बजेटको संरचनागत परिवर्तन भएको देखिँदैन भने अर्थतन्त्रको दोस्रो चरणको सुधार कार्यक्रम पनि उल्लेख भएको पाइँदैन । यद्यपि अर्थविद् रामेश्वर खनालको उच्चस्तरीय आर्थिक सुधार सुझाव समितिले दिएका केही सुझावलाई समेटेको पाइन्छ ।

चालू आर्थिक वर्षका लागि सरकारले १८ खर्ब ६० अर्ब ३० करोड रुपैयाँको बजेट प्रस्तुत गरेको थियो जसको आकार अर्धवार्षिक समीक्षामा घटाइएको थियो । आगामी आवका लागि चालूतर्फ ११ खर्ब ८० अर्ब ९८ करोड रुपैयाँ, पूँजीगततर्फ ४ खर्ब ७ अर्ब ८९ करोड रुपैयाँ र वित्तीय व्यवस्थातर्फ ३ खर्ब ७५ अर्ब २४ करोड रुपैयाँ विनियोजन गरिएको छ । आर्थिक वर्ष सकिन डेढ महीना बाँकी हुँदा पूँजीगत खर्च निराशाजनक छ भने चालू खर्च र वित्तीय व्यवस्थापन खर्च भने लक्ष्यअनुसार नै भएको देखिन्छ । पूँजीगत खर्चको हाराहारीमा वित्तीय व्यवस्थापन बजेट विनियोजन हुने र पूँजीगत खर्च चाहिँ कम हुने गरेकाले आगामी आवमा पनि अर्थतन्त्रको ठूलो परिवर्तन आउने सम्भावना कम देखिन्छ । यद्यपि निजी क्षेत्रलाई प्रोत्साहन गर्न र लगानी बढाउनका लागि सरकारले बजेटमा थुप्रै कार्यक्रम ल्याएको छ । बजेट निजी क्षेत्रमुखी हुन खोजेको देखिन्छ । तर, सबैभन्दा ठूलो कुरा बजेट कार्यान्वयन नै हो जसमा नेपाल सधैँ चुकिरहेको छ ।

बजेट धेरै महत्त्वाकांक्षी नहुनु र वितरणमुखी कार्यक्रमको बाढी नहुनु तथा विगतमा जस्तो नारै नारा नराखिनु बजेटको विशेषता हो । त्यस्तै आयोजना कार्यान्वयन गर्दा समयमै निर्णय नगरेका कारणले लागत बढ्न गएमा सम्बन्धित पदाधिकारीलाई जवाफदेही बनाइने व्यवस्था पनि विशेष रहेको छ ।

आगामी आवको आर्थिक वृद्धिदर ६ प्रतिशत रहने प्रक्षेपण गरिनु स्वाभाविक नै देखिन्छ । गत आर्थिक वर्ष आर्थिक वृद्धिदर ३.७ प्रतिशत रहेकामा चालू आवको वृद्धिदर ४.६ प्रतिशत हुने प्रक्षेपण गरिएको छ । यस्तोमा बजेट कार्यान्वयन केही प्रभावकारी भए यो लक्ष्य हासिल गर्न त्यति कठिन देखिँदैन ।


- **बजेटले निजी क्षेत्रको मनोबल उकास्ने र लगानीको वातावरण बनाउने प्रयास गरेको देखिन्छ ।**
- **वितरणमुखी कार्यक्रमको बाढी नहुनु तथा विगतमा जस्तो नारै नारा नराखिनु बजेटको विशेषता हो ।**

५ लाख घरजग्गाविहीनलाई लालपूर्जा वितरण गर्ने जस्ता केही राजनीतिप्रेरित कार्यक्रम पनि बजेटमा परेका छन् । तर, हदबन्दीभन्दा बढीको जग्गा उपयोगको बाटो खोलिदिनु सकारात्मक छ । त्यस्तै अहिले बैंकहरूले भोगिरहेका समस्यालाई सम्बोधन गर्न सम्पत्ति व्यवस्थापन कार्यालय अर्थात् ब्याडबैंक खोल्ने घोषणा सकारात्मक छ । त्यसैगरी औद्योगिक क्षेत्र निर्माण गर्ने कम्पनीलाई जलविद्युत् आयोजनासरह सुविधा दिने घोषणा गरिएको छ । विशेष आर्थिक क्षेत्र (सेज) र औद्योगिक क्षेत्रमा कुनै उद्योग स्थापना भए शुरुका तीन वर्ष भाडा छुट दिने र यसको भाडा प्रतिवर्ग मिटर २० बाट घटएर ५ रुपैयाँ कायम गरिएको छ । यसले उद्योगीहरूको मागलाई सम्बोधन गरेको देखिन्छ । काठमाडौं उपत्यकाको प्रदूषण कम गर्न उपत्यकाका उद्योगको स्थानान्तरण गर्नका लागि जग्गा उपलब्ध गराउने घोषणा गरिएको छ । यसको कार्यान्वयनले उपत्यकाको प्रदूषण कम गर्न मद्दत मिल्ने देखिन्छ ।

भूमि बैंकको व्यवस्था गरी कृषिका लागि करारमा दिने कार्यक्रम ल्याइएको छ । त्यस्तै नेपालमा प्रशोधित कारखाना खोली त्यसको उत्पादन निर्यात गरे फाइदाको २५ प्रतिशत विदेशमा लगानी गर्न दिने नीति लिइएको छ । यसले निर्यातमूलक उद्योगलाई निर्यात गर्न प्रोत्साहन दिने र विदेशमा लगानीका लागि बाटो खोल्नेसमेत देखिन्छ । समग्रमा बजेटले निजी क्षेत्रको मनोबल उकास्ने र लगानीको वातावरण बनाउने प्रयास गरेको देखिन्छ । हुन त आजसम्ममा हरेक बजेटका कार्यक्रम निकै राम्रा र आकर्षक थिए तर तिनको कार्यान्वयन निकै फितलो रहृयो तर पनि यिनको कार्यान्वयन हुन सकेमा आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्न सक्ने देखिन्छ । यद्यपि स्रोतको कमीलाई सम्बोधन गर्न भने कठिन हुने देखिन्छ ।

# मधेशका अवसर र चुनौती

## संघीयताले ल्याएको परिवर्तन र चुकेका क्षेत्र



**संघीयता मधेश प्रदेशको लागि ऐतिहासिक अवसर हो । यसले सामाजिक न्याय, राजनीतिक समावेशिता र सांस्कृतिक पहिचानको संरक्षणको मार्ग खोलेको छ । तर, यो परिवर्तन त्यति सजिलो भने छैन ।**

**उमेशचन्द्र ठाकुर**

- **संघीयता भनिए पनि मधेश प्रदेशको आर्थिक निर्भरता संघीय सरकारमाथि बढेको छ ।**
- **कृषि, शिक्षा र स्वास्थ्यजस्ता क्षेत्रहरूमा संघ, प्रदेश र स्थानीय तहबीच नीति निर्माण र कार्यान्वयनमा समन्वयको अभाव देखिएको छ ।**
- **प्रदेशको साक्षरता औसतभन्दा निकै कम छ ।**
- **मधेशको कुल गार्हस्थ्य उपादनमा कृषिको योगदान ३५ प्रतिशत छ, जब कि राष्ट्रिय औसत योगदान २४ प्रतिशत रहेको छ ।**
- **भारतबाट भित्रिने सस्तो कृषि उपजका कारण लागत मूल्य पनि नपाउने अवस्था कृषकको छ ।**
- **वीरगञ्ज क्षेत्रले औद्योगिक सम्भावनालाई समेटेजस्तै जनकपुरले पर्यटनको आयामलाई ग्रहण गरेको छ ।**

नेपालको संविधान २०७२ ले देशलाई संघीय शासन प्रणालीमा रूपान्तरण गरेसँगै मधेश प्रदेशले राजनीतिक, सांस्कृतिक र सामाजिक पहिचानलाई संस्थागत गरे पनि आर्थिक सामर्थ्यमा दरिन सकेको छैन । जनशक्ति र भौगोलिक सम्भावनामा अगाडि रहेको यो प्रदेश ती सम्भावनाहरूको उपयोगमार्फत समृद्धिको दिशामा अगाडि बढ्ने सबालमा भने निकै पछाडि परेको छ । संघीयताको अभ्यासले प्रदेशलाई धेरै सम्भावनाहरू प्रदान गरेको त छ तर अनेक चुनौतीहरू पनि सँगै ल्याएको छ ।

संघीयता कार्यान्वयनमा आएसँगै यहाँको अति पिछडिएका सीमान्तकृत समुदायलाई सत्ताको मूलधारमा ल्याएको छ । प्रदेश सरकार र स्थानीय तहमा मधेशी, मुस्लिम, दलित, महिला र अन्य पिछडिएका वर्गहरूको प्रतिनिधित्वमा वृद्धि भएको छ । संविधान अनुसार प्रदेशले मातृभाषामा कामकाज गर्न सक्ने प्रावधान रहेको छ । मधेशमा मैथिली, भोजपुरी, अवधी, थारूजस्ता भाषाहरूको प्रयोग र प्रवर्द्धनमा नीतिगत पहल भएको छ । तर, यसको परिणाम भने सतहमा देखिइसकेको छैन ।

नागरिकले स्थानीय र प्रदेश सरकारमार्फत पाउने शिक्षा, स्वास्थ्य, कृषि तथा पूर्वाधार सेवामा सुधार देखिएको छ । संघीय ढाँचाले नागरिकको घरदैलोमा सेवा ल्याउने वातावरण बनाएको छ । संघीय संरचनाले महिलालाई राजनीतिमा सहभागिता बढाउन आरक्षण दिएको छ ।

प्रशासनिक संरचनामा भने निकै कमजोरी देखिएको छ । संघीयता कार्यान्वयनको शुरुवाती चरणमा प्रदेश र स्थानीय सरकारहरूले समस्या झेलेका छन् । त्यो अद्यावधिक आवरणमा आज पनि कायमै छ । दक्ष जनशक्ति, प्रविधि र संस्थागत अनुभवको अभावका कारण विकास निर्माण र सेवा प्रवाहमा समस्या देखिएको छ । यसले नीति कार्यान्वयनमा ढिलाइ र प्रभावहीनता ल्याएको छ ।

भन्दा संघीयता भनिए पनि मधेश प्रदेशको आर्थिक निर्भरता संघीय सरकारमाथि बढेको छ । खर्च र आयको अनुपात ३:१ रहेको अध्ययनहरूले देखाएका छन् । प्रदेश सरकारले आन्तरिक राजस्व स्रोत निर्माण गर्न नसकेकाले संघीय सरकारप्रति अत्यधिक निर्भरता देखिएको छ । मधेश प्रदेशको कुल बजेटको ८० प्रतिशतभन्दा बढी हिस्सा केन्द्र सरकारबाट प्राप्त अनुदानमा निर्भर छ । समयमै बजेटको उपलब्धता र खर्च गर्ने क्षमताको कमजोर प्रदर्शन पनि समस्याको रूपमा रहेको छ ।

यसमा कानूनी अस्पष्टता र समन्वयको अभाव मूल समस्याको रूपमा देखिएको छ । संविधानले संघ, प्रदेश र स्थानीय तहको अधिकार बाँडफाँट गरे पनि कार्यान्वयनमा स्पष्टता छैन । कतिपय नीतिमा संघीय, प्रादेशिक र स्थानीय तहबीच समन्वयको कमीले विकास र समृद्धिको अपेक्षा पूर्ण हुन नसकेको हो । नीति निर्माणमा समन्वयको कमी छ । कृषि, शिक्षा र स्वास्थ्यजस्ता क्षेत्रहरूमा संघ, प्रदेश र स्थानीय तहबीच नीति निर्माण र कार्यान्वयनमा समन्वयको अभाव देखिएको छ ।

यसले सामाजिक विभाजनको जोखिम पनि बढाएको छ । पहिचानको आधारमा राजनीतिक ध्रुवीकरण र सामाजिक विभाजनको सम्भावना बढेको भन्दै विज्ञहरूले बेलाबेलामा चिन्ता प्रकट गरेका छन् । यसले सामाजिक एकता र सहकार्यमा असर पार्न सक्ने मत पनि उनीहरूको रहेको पाइन्छ ।

यही प्रदेशमा रहेको वीरगञ्ज क्षेत्रलाई मुलुककै आर्थिक गतिविधिको मुहान मानिए पनि यसले जनताको आर्थिक हैसियत र जीविकोपार्जनमा खासै सकारात्मक प्रभाव पारेको रहेछ भनेर मान्ने आधार तथ्यांकले दिएको छैन । कुनै पनि क्षेत्रको आर्थिक आयामबाट त्यहाँका बासिन्दा लाभान्वित हुन्छन् कि हुँदैनन् भन्ने विषय राज्यको नीतिमा भरपर्ने कुरा पनि हो । स्थानीय जनजीवनमा आर्थिक अवसरको वितरण र उपयोगको अभ्यासको कमीले प्रदेशको दैनिकी पिछडिएको छ । पर्सा, बारा, रौतहट, सर्लाही, धनुषा, सिराहा, सप्तरीलगायतका जिल्लामा आर्थिक-सामाजिक विकासका कार्यक्रम लागू गरेको थियो । सघन शहरीकरणका नाममा अर्बौं रुपैयाँ खर्च भइसकेको छ । सरकारी ढिलासुस्ती र भ्रष्टाचारले अपेक्षित उपलब्धि प्राप्त हुन सकेको छैन । गरीबका नाममा आएको रकमबाट सीमित टाठाबाठामात्र धनी भइरहेका छन् । प्रदेशको साक्षरता औसतभन्दा निकै कम छ । रौतहट सबैभन्दा पिछडिएको जिल्लाको सूचीमा छ । मानवीय विकासको अवस्था दयनीय छ ।

सम्भावनाहरूको कमी छैन । कृषि, उद्योग र व्यापार मधेशको समृद्धिका सम्भावनाहरू हुन् । मधेश प्रदेश नेपालको सबैभन्दा उब्जाउ भूमि भएको क्षेत्र हो । मधेशको कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान ३५ प्रतिशत छ, जब कि राष्ट्रिय औसत योगदान २४ प्रतिशत रहेको छ । कृषि उत्पादनमा आधुनिकीकरण र कृषिआधारित उद्योगको विकासबाट ठूलो आर्थिक लाभ लिन सकिन्छ । मधेश प्रदेशमा कुल धान उत्पादनको ४० प्रतिशत योगदान रहेको छ ।

प्रदेशमा अधिकांश बासिन्दा कृषि कर्ममा संलग्न छन् । तर, खेतीको समयमा सिँचाइ, मलखाद र बीउबीजनका असहजताका समाचार नौलो लाग्न छोडिसकेको छ । परिणाम, अर्थतन्त्रको कुल आकारमा यो प्रदेशको योगदानको आकार १३ प्रतिशतभन्दा बढी छैन । प्रदेशका आठै जिल्लाको सिमाना भारतको बिहार राज्यसित जोडिएको छ । त्यहाँको सरकारले किसानलाई दिएको अनुदान र सहुलियतको असर यो प्रदेशका कृषकले भोगिरहेका छन् । भारतबाट भित्रिने सस्तो कृषि उपजका कारण लागत मूल्य पनि नपाउने अवस्था कृषकको छ । निर्वाहमुखी कृषिकर्मको निरन्तरताले खाद्यान्न आयातको ग्राफ वृद्धिमात्र हुनेछ । अहिले वर्षेनि अन्य देशबाट भित्रिने खाद्यान्नले कृषिप्रधान देशका जनताको पेट भरिरहेको छ । कृषिलाई उत्पादनसँग जोड्न जरुरी छ । कृषिमा आधारित उद्यमलाई प्रोत्साहन गरिनु पर्दछ ।

उद्योग व्यवसायलाई यो प्रदेशको आधार मानिए पनि तथ्य प्रचार गरिएजस्तो सहज र सकारात्मक भने छैन । नेपालको व्यावसायिक वातावरणको सूचक १ सयबाट १ सय ७ मा खस्किएको छ । उत्पादनको योगदान निरन्तर ओरालो लागेको छ । समग्र लगानी आकर्षण र सम्बन्धित सूचक सकारात्मक नभएको अवस्थामा वीरगञ्ज क्षेत्रको औद्योगिक र व्यापारिक सम्भाव्यता पनि यसबाट प्रभावित नहुने भन्ने हुँदैन । समग्र अवस्थाको सुधारका लागि सरकारी प्रयत्न र प्रतिबद्धताको खाँचो छ । वीरगञ्ज क्षेत्रले औद्योगिक सम्भावनालाई समेटेजस्तै जनकपुरले पर्यटनको आयामलाई ग्रहण गरेको छ । यो प्रदेशको धर्म र संस्कृति छिमेकी भारतसित मिल्दोजुल्दो भएकाले आठै जिल्लामा धार्मिक पर्यटकीय क्षेत्रलाई प्याकेजको रूपमा विकास गरी पर्यटनबाट लाभ लिन सकिन्छ । यो आयआर्जनको गतिलो माध्यम बन्न सक्छ ।

कृषि उत्पादनमा आधुनिकीकरण र कृषिआधारित उद्योगको विकासले ठूलो आर्थिक लाभ लिन सकिन्छ । भारतसँग सिमाना जोडिएको हुनाले सीमा व्यापार, पर्यटन र बजार विस्तारको पनि सम्भावना प्रशस्त छ । नेपालको कृषि उत्पादनको बजारीकरण, भारतीय पर्यटक भित्र्याउने सम्भावना पनि मधेश प्रदेशमा उच्च रहेको देखिन्छ ।

भूगोलमा सानो भएर पनि जनशक्ति बढी भएको प्रदेश भएकाले यसको सदुपयोग गर्न सकिन्छ । प्रदेशमा ठूलो युवा जनसंख्या छ । यो प्रदेशबाट सबैभन्दा बढी युवा विदेशिने गरेको तथ्यांक छ । मधेश प्रदेशबाट १० लाखभन्दा बढी युवा वैदेशिक रोजगारीमा रहेका छन् । वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको शीप र पूँजीलाई उद्यमशीलतामा प्रयोग गर्न सकिएको खण्डमा मधेश आर्थिक रूपमा आत्मनिर्भर बन्न सक्ने बलियो सम्भावना छ ।

संघीय ढाँचाअनुसार स्थानीय तह सशक्त हुँदा समुदायमै विकास योजना बनाउन सकिने सम्भावना पनि छ । सहकारी, महिला समूह र युवा क्लबहरूसँग सहकार्य गरेर सामाजिक रूपान्तरण सम्भव छ । मधेश प्रदेशमा ५ हजारभन्दा बढी सहकारी संस्थाहरू क्रियाशील छन् जसले स्थानीय स्तरमा आर्थिक विकासमा योगदान पुऱ्याइरहेका छन् ।

जनताले पटकपटक भएका अनेक आवरणका आन्दोलनमा राजनीतिक नेतृत्वलाई साथ दिएको छ । अब नेतृत्वलाई परख गर्ने बेला आइसकेको छ । नेतृत्वले यो राजनीतिक उपलब्धिलाई कसरी आर्थिक विकास र यसको स्थायित्वमा रूपान्तरण गर्छ, यो परीक्षणको विषय पनि हुनेछ । संघीयता मधेश प्रदेशको लागि ऐतिहासिक अवसर हो । यसले सामाजिक न्याय, राजनीतिक समावेशिता, र सांस्कृतिक पहिचानको संरक्षणको मार्ग खोलेको छ । तर, यो परिवर्तन त्यति सजिलो भने छैन । सफल कार्यान्वयनको लागि दक्ष प्रशासन, आर्थिक स्वावलम्बन र कानूनी स्पष्टता आवश्यक छन् । यदि प्रदेशले आन्तरिक क्षमता र स्रोतहरूलाई सदुपयोग गर्न सक्यो भने संघीयता मधेशका लागि सामाजिक-आर्थिक समृद्धिको मूल आधार बन्न सक्छ ।

*ठाकुर वीरगञ्ज उद्योग वाणिज्य संघका पूर्वउपाध्यक्ष हुन् ।*

# अमेरिकी पर्यटन समस्यामा

अमेरिकी पर्यटन उद्योग अब बिस्तारै घट्दै गएकोमात्र होइन पूर्ण सङ्कटमा पुगेको छ । क्यानडा, मेक्सिको, बेलायत, जापान, चीन, जर्मनी, फ्रान्स, ब्राजिल र दक्षिण कोरियाबाट आउने पर्यटकहरूले अमेरिकाको भ्रमण योजना रद्द गरिरहँदा अवस्था झन् भयावह बन्दै गएको छ । एक प्रतिवेदनअनुसार अमेरिकाको २३ अर्ब अमेरिकी डलरको जीडीपी र दुई लाखभन्दा बढी रोजगारी जोखिममा छ । कारणहरू तपाईंले सोचेको भन्दा पनि धेरै गम्भीर छन् ।

ट्रम्पले लगाएको ट्यारिफ, कडा सिमाना नीति र अत्यधिक महँगो हवाई यात्रा तथा होटल खर्चहरूले संयुक्त रूपमा 'पर्यटनको विनाशकारी आँधी' सिर्जना गरेका छन् । यी समस्या केवल पर्यटकहरूलाई असहज बनाइरहेका छैनन् उनीहरूलाई अमेरिका भ्रमणबाट पूर्ण रूपमा विमुख गराइरहेका छन् । एक समय अमेरिकाका सबैभन्दा नजिकका र भरपर्दा पर्यटक स्रोत मानिएका क्यानडालीहरू समेत अमेरिका गइरहेका छैनन् । मेक्सिको, बेलायत र जर्मनीबाट आउने पर्यटकहरूले पनि आफ्नो ग्रीष्मकालीन योजना पुनर्विचार गरिरहेका छन् । जापान, चीन, फ्रान्स, ब्राजिल र दक्षिण कोरियाबाट त झनै पर्यटक घटेका छन् ।

यो अस्थायी गिरावट होइन । यो त संरचनागत रूपान्तरण हो । अब अमेरिकाको पर्यटन संकट गुमेको आम्दानी, रद्द भएका ट्रिपहरू र खाली होटल कोठाहरूको कथा बनिसकेको छ । विदेशी पर्यटकहरूको कमी प्रत्येक रद्द बुकिङसँगै अमेरिकी अर्थतन्त्रको जग झनै कमजोर बनाउँदै छ ।

### अमेरिकी पर्यटन मिसन अवरूद्ध

अमेरिकी पर्यटन उद्योग हाल दशककै सबैभन्दा ठूलो चुनौतीको सामना गर्दैछ । अन्तर्राष्ट्रिय यात्रुहरूको संख्यामा तीव्र कमी आएको छ । यसको असर अमेरिकी सेवाकेन्द्रित अर्थतन्त्रमा गहिरो प्रभाव परिरहेको छ ।

यस वर्ष अन्तरराष्ट्रिय पर्यटनमा १० प्रतिशतले कमी आएमा अमेरिकाको जीडीपीबाट २३ अर्ब डलर हराउनेछ । यससँगै लगभग २३०,००० रोजगारी जोखिममा पर्नेछ । यसबाट रेस्टुराँ, होटल, मनोरञ्जन स्थल र खुद्रा व्यापार क्षेत्रहरू सबैभन्दा बढी प्रभावित हुनेछन् । पर्यटनबाट सबैभन्दा बढी फाइदा उठाउने सेवा क्षेत्रहरू नै अहिले सबैभन्दा ठूलो मारमा परेका छन् । भोजन सेवाहरूबाट ५० हजारभन्दा बढी रोजगारी गुम्नेछ । होटल तथा आवास क्षेत्रले झन्डै ४५ हजार रोजगारी गुमाउनेछ । मनोरञ्जन स्थलहरूले २५ हजार रोजगारी गुमाउनेछन् । व्यापार (ग्यास स्टेशनसहित) क्षेत्रमा करीब १९ हजार ५ सय रोजगारी संकटमा छन् ।

यी केवल तथ्यांक होइनन्, यी मानिसहरूको जीवन, परिवार र समुदायसँग प्रत्यक्ष जोडिएका यथार्थ हुन् ।

रोजगारी गुमेसँगै पारिश्रमिक पनि गुम्दछ । विज्ञहरूका अनुसार यसै वर्ष झन्डै १३ अर्ब डलरको श्रम आम्दानी गुम्नेछ । गुमेको डलरले किराना, घर भाडा, गाडी किस्ता जस्ता खर्चमा असर पार्दछ । विदेशी पर्यटकहरूको खर्च गुम्दा अमेरिकी उपभोक्ता खर्चमा समेत गम्भीर असर पार्दछ । एक डलर विदेशी खर्च हराउँदा अमेरिकी अर्थतन्त्रबाट थप ४१.१९ डलर गुम्ने अनुमान गरिएको छ ।

### सिमानाका शहरहरू संकटमा

सबैभन्दा गहिरो असर अमेरिका-क्यानाडा सिमानामा देखिएको छ । त्यहाँ पहिले क्यानडाली पर्यटकहरूको अविरल आगमन थियो, अहिले त्यहाँको बजार सुनसान छ । वाशिङ्टन स्टेटदेखि न्यूयोर्कसम्म साना शहरहरूका आर्थिक गतिविधि ठप्प छन् । भन्सार नीति र क्यानडाली जनताको असन्तुष्टिका कारण धेरै क्यानडालीहरूले अमेरिकाको यात्रा बहिष्कार गरेका छन् । उनीहरूको सन्देश स्पष्ट छ, 'अब अति भयो ।'

अप्रिल महिनामा मात्र क्यानडाली जमिनमार्गको आगमन ३५ र हवाई मार्गबाट आगमन २० प्रतिशतले घटेको छ । यस वर्ष क्यानडाबाट अमेरिकी भ्रमणमा २० प्रतिशत कमी आउने पूर्वानुमान गरिएको छ ।

पश्चिम यूरोपबाट अमेरिकी भ्रमणमा ६ प्रतिशत कमी आउने अनुमान गरिएको छ । अमेरिकी डलर अन्य मुद्राहरूको तुलनामा बलियो हुँदा अमेरिका अझ महँगो गन्तव्य बनिरहेको छ । जापान र ब्राजिलबाट आउने पर्यटकहरूका लागि सन् २०१९ को तुलनामा उनीहरूको क्रयशक्ति ३० प्रतिशतले घटेको छ ।

अहिलेदेखि केही महीना अगाडि २०२४ डिसेम्बरमा अन्तरराष्ट्रिय पर्यटनमा ८.८ प्रतिशत वृद्धि र विदेशी खर्चमा १६ प्रतिशत वृद्धिको अनुमान गरिएको थियो । अहिले ती सबै अनुमान चकनाचुर भएका छन् ।

अब सन् २०२५ को गर्मीका लागि अमेरिकातर्फ बुकिङमा ११ प्रतिशत कमी देखिएको छ । मार्चमा पर्यटक आगमन घटे पनि अप्रिलमा इस्टर बुकिङले केही राहत दिएको थियो तर समग्रमा २ महीनाको तुलनामा १.६ प्रतिशत कमी आएको छ ।

### किन घट्यो भ्रमण ?

अर्थ र राजनीति मिलेर विदेशी पर्यटकहरूलाई टाढा पारिरहेका छन् । ट्यारिफ र व्यापार युद्धले वैदेशिक सम्बन्ध बिगारेको छ । भिसा रद्द र सीमा नियन्त्रणले अमेरिका कम स्वागतयोग्य देखिएको छ । हवाई टिकट, होटल, मुद्रा रूपान्तरण सबै महँगो भएपछि पर्यटकहरूले अन्य सस्ता गन्तव्य रोजिरहेका छन् । पर्यटनको असर केवल होटल र रेस्टुराँसम्म सीमित छैन । मियामीदेखि म्यानहट्टनसम्म, लस भेगासदेखि लस एन्जेलससम्म पर्यटकीइ शहरहरूले राजस्व गुमाइरहेका छन् । धेरैले तलब घटाउँदै छन्, कार्य घण्टामा कटौती गर्दै छन् । यसको असर भनेको कम खर्च, बढी ऋण, पारिवारिक आर्थिक तनाव हो ।

### समाधान खोज्ने समय यही हो

यो केवल सामान्य गिरावट होइन, चेतावनी हो । त्यसैले भिसा प्रक्रिया सजिलो बनाउनु पर्छ । सीमामा मैत्रीपूर्ण व्यवहार बढाउनु पर्छ । कूटनीतिक सम्बन्ध पुनःनिर्माण गर्नु पर्छ । व्यवसायहरूले विदेशी पर्यटकलाई आकर्षित गर्ने छुट र अफर दिनु पर्छ । संकटग्रस्त क्षेत्रलाई राहत दिन सरकारले कदम चाल्नुपर्छ । विदेशी पर्यटकहरूले अमेरिकी अर्थतन्त्रको मेरुदण्ड थामेका छन् । उनीहरूको अनुपस्थिति गहिरो असर ल्याउँछ । अहिले नै परिवर्तन नगरे समाधान झनै कठिन हुनेछ ।

*(फर्च्युनबाट)*

# आर्थिक संकटको संकेत

रोबर्ट कियोसाकीले सामाजिक सञ्जाल एक्समा लेख्दै अमेरिकी अर्थतन्त्रको अन्त्य नजिकिएको भन्दै चेतावनी दिएका छन् । उनले अमेरिकी बन्डको हालैको लिलामी असफल भएको भन्दै यसलाई 'आर्थिक संकटको संकेत' भनेका छन् ।

उनको भनाइमा, फेडले बन्ड लिलामी गऱ्यो तर कुनै लगानीकर्ता आएनन् । त्यसपछि फेड आफैले ४५० अर्बको बन्ड किन्यो त्यो पनि नक्कली पैसाले । उनले लेखेको छन्, अब सजिलो समय सकिएको छ । महाआर्थिक मुद्रास्फीति सुरु भइसकेको छ । लाखौं मानिसहरू आर्थिक रूपमा ध्वस्त हुनेछन् ।

यस चेतावनीसँगै अमेरिका अहिले वित्तीय संकटको भुमरीमा छ । हालै मुडिजले अमेरिकाको सार्वभौम क्रेडिट रेटिङ घटाएको थियो, जुन पहिले फिच र स्ट्यान्डर्ड र पुअर्सले पनि गरिसकेका थिए । कियोसाकीले यसलाई तुलना गर्दै भने, 'अमेरिका बेरोजगार, ऋणमा डुबेको, आफ्ना परिवारको हेरचाह नगर्ने लापर्बाह पिता जस्तै भएको छ ।'

उनी भन्छन्, 'यस्तो क्रेडिट डाउनग्रेडका कारण ब्याजदरहरू अझ बढ्नेछ, जसले बेरोजगारी बढाउनेछ, बैंकहरू धराशयी पार्नेछ, आवास बजारमा संकट ल्याउनेछ, र सन् १९२९ को महामन्दीजस्तै अवस्था ल्याउन सक्नेछ ।

**प्रसिद्ध पुस्तक 'रिच ड्याड पुअर ड्याड' का लेखक र वित्तीय शिक्षाविद् रोबर्ट कियोसाकीले अमेरिकी आर्थिक संकटलाई लिएर कडा चेतावनी दिएका छन् । उनले सुनको मूल्य २५,००० डलर, चाँदीको मूल्य ७० डलर र बिटक्वाइनको मूल्य ५ लाखदेखि १० लाख डलरसम्म पुग्न सक्ने बताएका छन् ।**

बन्ड बजारमा असफल लिलामीपछि डलर कमजोर भएको छ, स्टक बजार र अमेरिकी ट्रेजरी यिल्ड्स चुलिएको छ । यसले आगामी वित्तीय वर्षमा लगानीकर्ताहरूलाई धेरै सतर्क हुनुपर्ने संकेत दिन्छ ।

कियोसाकीले समयमै तयारी गर्न आग्रह गर्दै भने, 'म सधैं भन्छु, जागिरको भर नपरेर आन्त्रप्रेनर बन्नुस् । अतिरिक्त आम्दानीको काम सुरू गर्नुस् । आय दिने सम्पत्ति जस्तै कि वास्तविक सुन, चाँदी र आजकालको युगअनुसार बिटक्वाइनमा लगानी गर्नुस् ।'

विश्वव्यापी अनिश्चितता बढिरहेका बेला सुन र बिटक्वाइन दुवैको मूल्य उकालो लागेको देखिएको छ । सुन लगातार चार दिनदेखि उकालो लागिरहेको छ र बिटक्वाइनले नयाँ ऐतिहासिक मूल्य (४१११,०००) छुन सफल भएको छ ।

अमेरिकी केन्द्रीय बैंकको नीति र १९७१ मा सुनमूल्यबाट अमेरिकी डलरको विच्छेदलाई लिएर कियोसाकी सधैं आलोचक रहँदै आएका छन् । उनले भनेका छन्, 'हरेक संकट पहिलेभन्दा ठूलो हुन्छ किनभने तिनको समाधान कहिल्यै गरिँदैन ।'

*(इकोनोमिक टाइम्सबाट)*

अभियान

## १० वर्षअघिको आर्थिक अभियानबाट

# टेक्साना र केयर्न पेट्रोल अन्वेषणका लागि तयार

एक दशकअघि नै पेट्रोलियम अन्वेषणको अनुमति लिएका दुई विदेशी कम्पनीले मार्चदेखि काम शुरू गर्ने भएका छन् । अनुमति लिएर पनि काम अघि नबढाएका अमेरिकी कम्पनी टेक्साना रिसोर्सेज र बेलायती कम्पनी केयर्न इनर्जीले खानी तथा भूगर्भ विभागलाई पत्र पठाई मार्चभित्रै काम शुरू गर्ने प्रतिबद्धता व्यक्त गरेको विभागका महानिर्देशक सर्वजितप्रसाद महतोले बताए । उनका अनुसार ती दुई कम्पनीबाट करीब १ साताअघि प्राप्त पत्रमा मार्चभित्रै पेट्रोलियम अन्वेषणको काम अघि बढाउने प्रतिबद्धता व्यक्त गरिएको छ । विभागले करीब एक महीनाअघि दुवै कम्पनीलाई पत्र पठाई तत्काले काम शुरू नगरे अनुमतिपत्र खारेजी गरिदिने चेतावनी दिएको थियो ।

विभागका अनुसार केयर्नले नम्बर १ धनगढी, २ कर्णाली, ४ लुम्बिनी, ६ वीरगञ्ज र ७ मलङ्गवा गरी पाँचओटा ब्लकमा अन्वेषण गर्न सन् २००४ मा स्वीकृति लिएको थियो । त्यस्तै, अमेरिकी कम्पनी टेक्साना रिसोर्सेजले ब्लक नम्बर ३ नेपालगञ्ज तथा ५ चितवनमा अन्वेषणका लागि सन् १९९८ मा स्वीकृति लिएको थियो । तर, केयर्नले सन् २००५ देखि र टेक्सानाले २००३ देखि काबुबाहिरको परिस्थिति भनी अन्वेषणको काम गरेका छैनन् । अनुमति दिँदा गरिएको सम्झौतामा परिस्थिति असहज भएको अवस्थामा काम रोक्न सकिने प्रावधान उल्लेख छ ।

वर्ष ८, अंक १५७, आइतवार, १३ फागुन, २०६९



तस्वीर : रासस

डोल्पाको जगदुल्ला गाउँपालिका–२, कागमारा पाटनमा यार्सागुम्बा खोज्दै स्थानीय । बहुउपयोगी एवं बहुमूल्य जडीबुटी यार्सागुम्बा संकलन गर्न जेठ ५ बाट जिल्लाका सबै क्षेत्र खुला गरिएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको बजेट

# नयाँ योजना आएनन् निर्माणाधीन नै प्राथमिकतामा

**हिमा वि.क**

काठमाडौं

आगामी आर्थिक वर्ष २०८२/८३ का लागि सरकारले भौतिक पूर्वाधार क्षेत्रमा खासै महत्त्वाकांक्षी योजना ल्याएको छैन । विभिन्न सडक खण्डमा सुरूङमार्ग बनाउने, पूर्व-पश्चिम राजमार्गलाई आधार मानेर रेलमार्ग बनाउनेजस्ता केही आयोजना घोषणाबाहेक सरकारले चालू अवस्थामै रहेका प्रमुख आयोजना सम्पन्न गर्ने गरी बजेट ल्याएको छ ।

बिहीवार अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आर्थिक वर्ष (आव) २०८२/८३ को बजेट सार्वजनिक गर्ने क्रममा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयतर्फ १ खर्ब ५२ अर्ब रुपैयाँ विनियोजन गरिएको जानकारी दिए । यो मन्त्रालयका लागि चालू आव २०८१/८२ मा १ खर्ब ५० अर्ब ५३ करोड रुपैयाँ बजेट विनियोजन गरिएको थियो । राष्ट्रिय राजमार्गलाई आवश्यकताका आधारमा २ देखि ८ लेनसम्म स्तरोन्नति गर्ने, आगामी आवमा नागढुंगा र सिद्धबाबा सरुङमार्गको निर्माण सम्पन्न गर्ने घोषणा गरिएको छ । यी दुई सुरुङमार्ग सम्पन्न गर्न सरकारले २ अर्ब ६० करोड रुपैयाँ विनियोजन गरेको छ । यस्तै आगामी २ वर्षभित्र पूर्व-पश्चिम राजमार्गका विभिन्न खण्ड सम्पन्न गर्न सरकारले २१ अर्ब १९ करोड रुपैयाँ विनियोजन गरेको छ । यस्तै कतिपय आयोजनाले आगामी आव पनि निरन्तरता पाएका छन् । त्यस्ता आयोजनामा काठमाडौं उपत्यकाको सार्वजनिक यातायातलाई आधुनिक र व्यवस्थित गर्न मेट्रोरेल, मोनोरेलजस्ता विकल्पहरूको सम्भाव्यता अध्ययन छन् ।

| भौतिक पूर्वाधार विकासका कार्यक्रम र बजेट | | |
|---|---|---|
| कार्यक्रम | आव २०८१/८२ | आव २०८२/८३ |
| पूर्व-पश्चिम राजमार्ग विस्तार | रू. २९ अर्ब ८८ करोड | रू. २१ अर्ब १९ करोड |
| काठमाडौं-तराई द्रुतमार्ग | रू. २२ अर्ब ५४ करोड | रू. २४ अर्ब ४९ करोड |
| मध्यपहाडी राजमार्ग | रू. ३ अर्ब ६८ करोड | रू. ३ अर्ब ९४ करोड |
| हुलाकी राजमार्ग | रू. ३ अर्ब ३० करोड | रू. ३ अर्ब ५६ करोड |
| म्दन भण्डारी राजमार्ग | रू. ३ अर्ब ६० करोड | रू. २ अर्ब ५१ करोड |
| वैकल्पिक सहायक राजमार्ग/निर्वाचन क्षेत्र रणनीतिक सडक कार्यक्रम | - | रू. २१ अर्ब ८ करोड |
| राजमार्गका सडक पुल निर्माण | - | रू. ३ अर्ब १८ करोड |
| कोशी र कालीगण्डकी कोरिडोर | - | रू. २ अर्ब ३३ करोड |
| कर्णाली कोरिडोर | - | रू.१ अर्ब २७ करोड |
| नागढुंगा र सिद्धबाबा सुरुङमार्ग सम्पन्न | - | रू. २ अर्ब ६० करोड |
| गल्छी-रसुवागढी सडक स्तरोन्नति | - | रू. २ अर्ब ५६ करोड |
| काठमाडौं चक्रपथ (वसुन्धरा-धोबीखोला) | - | रू. १ अर्ब २४ करोड |

*स्रोत : अर्थ मन्त्रालय*

यस्तै अध्ययन सम्पन्न भएका सुरुङमार्ग दुम्कीबास-बर्दघाट, खुर्कोट-चियाबारी, बबई-छिन्चु, मझिमटार-शक्तिखोर, हेम्जा-नयाँपुल, कुलेखानी-भीमफेदी र धरान-लेउतीको निर्माणका लागि स्रोत व्यवस्थापन र अन्य तयारी अगाडि बढाइने भएको छ । टोखा-छहरे, शिवपुर-भालुवाङ, रानीघाट-भुरिगाउँ, दोलालघाट-चर्नावती र हात्तीसार-बबई सुरुङमार्गको सम्भाव्यता अध्ययन सम्पन्न गरिने भएको छ ।

यस्तै सरकारले आगामी वर्ष पूर्व-पश्चिम राजमार्गलाई आधार मानी स्टचान्डर्ड गेज मापदण्डको विद्युतीय रेलमार्ग निर्माण गर्न विस्तृत अध्ययन गर्ने घोषणा गरेको छ । निर्माणाधीन बर्दिवास-निजगढ खण्डको रेलमार्गलाई पूर्व-पश्चिम विद्युतीय रेलमार्गको मापदण्डअनुरूप बनाइने भएको छ । पूर्व-पश्चिम रेलमार्ग निर्माण गर्ने प्रयोजनका लागि अधिग्रहण गर्न रोक्का राखिएको काँकडभिट्टा-इटहरी खण्डको जग्गा फुकुवा गरिने भएको छ । आगामी आवमा काठमाडौं-केरुङ रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेजस्ता योजना दोहोरिएका छन् । यस्तै शहरी तथा संवेदनशील भूबनोट भएका क्षेत्रमा गुणस्तरीय र दिगो सडक निर्माण गर्न सिमेन्ट, छड, गिट्टी र बालुवा प्रयोग गरी आरसीसी ढलानसहित कालोपत्र गरिने भएको छ । यसबाट स्वदेशी निर्माण सामग्रीको खपत वृद्धि हुने र सडक पूर्वाधार टिकाउ हुने विश्वास सरकारको छ । सिमेन्ट उत्पादक व्यवसायीले पटकपटक सरकारसँग कंक्रिट सडक बनाउन माग गर्दै आएका थिए । उनीहरूले उक्त माग बजेटमार्फत सम्बोधन हुनुपर्नेमा जोड दिँदै आएका थिए ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा ८६ अर्ब बजेट

# विद्युत्को कुल जडित क्षमता ४८ सय मेगावाट पुऱ्याउने लक्ष्य

**प्रशान्त खड्का**

काठमाडौं

आगामी आर्थिक वर्ष (आव) २०८२/८३ मा ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयतर्फ सरकारले ८६ अर्ब १ करोड रुपैयाँ बजेट छुट्ट्याएको छ ।

आगामी आवमा ऊर्जा सुरक्षाका लागि जलाशययुक्त ठुला जलविद्युत् परियोजना विकास गर्ने लक्ष्य सरकारको छ । बिहीवार उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आवको बजेट प्रस्तुत गर्दै यस्तो बताएका हुन् ।

सरकारले ६७० मेगावाट क्षमताको दूधकोशी, तल्लो सेती, बुढीगण्डकी, अपर अरुण, तमोर, किमाथांका अरुण, नलगाड, फुकोट कर्णाली, उत्तरगंगा, तमोर, मुगु कर्णाली, सुनकोशी-३ लगायतका आयोजनामा लगानी ढाँचा यकिन गरी निर्माण प्रक्रिया अगाडि बढाउने मन्त्री पौडेलले बताए ।

तामाकोशी-५, चैनपुर सेती, जगदुल्ला लगायत आयोजनाको निर्माण कार्यमा पनि तीव्रता दिइने उनले घोषणा गरे । अध्ययन सम्पन्न भएको तनहुँस्थित तल्लो सेती आयोजना सरकारी लगानीमा निर्माण गरिने उनले बताए । साथै, बुढीगण्डकी आयोजना सार्वजनिक निजी साझेदारीमा निर्माण गरिने र आयोजनामा सरकारले गरेको लगानीलाई शेयरमा परिणत गरिने बजेटमा उल्लेख छ । कर्णाली चिसापानी बहुउद्देश्यीय आयोजनाको विस्तृत इन्जिनियरिङ डिजाइन सम्पन्न गरी लगानी ढाँचा पनि यकिन गरिने बताइएको छ ।

सरकारले बजेटमार्फत ऊर्जा सुरक्षाका लागि जलाशययुक्त ठुला जलविद्युत् आयोजना विकास गर्ने लक्ष्य राखेपनि निजी क्षेत्रका लगानीकर्ताले भने यस बजेटले सरकारको ऊर्जा विकास मार्गचित्रलाई भने नसघाउने बताएका छन् ।

बजेटमार्फत सरकारले 'रन अफ दी रिभर'मा आधारित आयोजनाको टेक एण्ड पेमार्फत विद्युत् खरीद विक्री सम्झौता गर्ने बताएको छ ।



**आगामी आवमा ऊर्जा सुरक्षाका लागि जलाशययुक्त ठूला जलविद्युत् परियोजना विकास गर्ने लक्ष्य सरकारको छ ।**

यस्तो भएमा त्यस्ता आयोजनामा बैंकले लगानी नै नगर्ने खतरा भएकाले लगानीकर्ता जोखिममा रहेको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगीले बताए । यसले सरकारको सन् २०३५ सम्म २८ हजार ५ सय मेगावाट विद्युत् उत्पादनको लक्ष्यलाई असर गर्ने उनको भनाइ छ ।

सरकारले वैकल्पिक ऊर्जा (सौर्य, जैविक, वायु) प्रवर्द्धन गर्न २ अर्ब ३३ करोड रुपैयाँ छुट्ट्याएको छ । वैकल्पिक ऊर्जाको उत्पादन तथा खपत वृद्धि गरी कार्बन उत्सर्जन घटाइने बजेटमा उल्लेख छ । साथै, आगामी आवभित्र थप ९४२ मेगावाट विद्युत् उत्पादन गरी विद्युत्को कुल जडित क्षमता ४८ सय मेगावाट पुऱ्याउने बजेटमा उल्लेख छ ।

सरकारले विद्युत् निर्यात सुनिश्चित गर्न छिमेकी मुलुकसँग कूटनीतिक पहल गरिने बताएको छ । त्यसकालागि खिम्ती-बाह्रबिसे-लप्सीफेदी, न्यू बुटवल-गोरखपुर, दोदोधारा-बरेली ४०० केभी र चिलिमे-केरूङ २२० केभी क्षमताका राष्ट्रिय तथा अन्तरदेशीय प्रसारण लाइनको निर्माण कार्य अघि बढाइने बताइएको छ ।

बजेटमा इनरूवा-पूर्णिया ४०० केभी र चमेलिया-जौलजीबी २२० केभी प्रसारण लाइनको अध्ययन सम्पन्न गरी निर्माण शुरू गरिने उल्लेख छ । कर्णाली प्रदेशमा नियमित विद्युत् आपूर्तिका लागि कोहलपुर-सुर्खेत-जुम्ला १३२ केभी प्रसारण लाइनको निर्माण दुई वर्षभित्र सम्पन्न गरिने बताइएको छ । साथै ७३२ किलोमिटर डबल सर्किट राष्ट्रिय प्रसारण लाइन निर्माण गरिने बजेटमा उल्लेख छ ।

ऊर्जा निर्यात सम्भाव्यताको आधारमा थप अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्ने र प्रसारणलाइन विस्तार तथा वितरण आयोजनाका लागि १३ अर्ब १८ करोड रुपैयाँ सरकारले विनियोजन गरेको छ ।

जलविद्युत् उत्पादन, प्रसारण र वितरण प्रणालीलाई व्यवस्थित गर्ने, ऊर्जा सुरक्षाका लागि विद्युत् उत्पादनलाई विविधीकरण गर्ने साथै जलविद्युत् सर्भेक्षण, उत्पादन, प्रसारण र वितरणमा निजीक्षेत्रको लगानी प्रोत्साहित गर्ने बजेटमा घोषणा गरिएको छ ।

राष्ट्रिय प्रसारण प्रणालीदेखि उद्योग स्थलसम्मको वितरण लाइन उद्योग आफैले निर्माण गरेमा हिलिङ चार्ज लिन पाउने व्यवस्था गरिने बताइएको छ । औद्योगिक क्षेत्र लगायत विद्युत्को उच्च माग भएका स्थानमा अविच्छिन्न, पर्याप्त र भरपर्दो विद्युत् सेवा उपलब्ध गराइने बजेटमा उल्लेख छ ।

१४ हजार हेक्टर जमीनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य

सिँचाइ क्षेत्रमा पनि उल्लेख्य उपलब्धि हासिल गर्ने लक्ष्य लिएको सरकारले १४ हजार हेक्टर जमीनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य बजेटमार्फत घोषणा गरेको छ । त्यसैगरी ६३ किलोमिटर तटबन्ध निर्माण र २७० हेक्टर जमीन नदी उकासबाट जोगाउने सरकारको योजना छ । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले ल्याएको योजनाअनुसार ५ वर्षभित्र ४ लाख ६८ हजार हेक्टर जमीनमा लिफ्ट सिँचाइ सुविधा पुऱ्याउने र ग्रामीण विद्युतीकरणको बाँकी काम २ वर्षभित्र सम्पन्न गर्ने बजेटमा उल्लेख छ ।

बबई, रानी जमरा कुलरिया, महाकाली, प्रगन्ना-बड्कापथ सिँचाइ आयोजना आगामी तीन वर्षभित्र सम्पन्न गरिने र सिक्टा साथै वृहत दाङ उपत्यका सिँचाइ आयोजनाको निर्माणलाई तीव्रता दिइने बजेटमा घोषणा गरिएको छ । यसका लागि रू. ८ अर्ब ५० करोड विनियोजन गरेको गरिएको छ । भेरी-बबई डाइभर्सन आयोजनाको हेडवर्क्स र पावरहाउस निर्माण कार्य दुई वर्षभित्र सम्पन्न गर्न रू. २ अर्ब ७ करोड विनियोजन गरिएको छ ।

बागमती सिँचाइ आयोजनाको स्तरोन्नति गरी सुनकोशी-मरिन पथान्तरण आयोजनाबाट थप हुने पानीको उपयोगबाट बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषा जिल्लाका १ लाख २२ हजार हेक्टर खेतीयोग्य जमीनमा सिँचाइ सुविधा विस्तार गर्ने र यसका लागि रू. २ अर्ब ७३ करोड रुपैयाँ सरकार विनियोजन गरेको छ ।

**बाँकी पृष्ठ १ बाट ...**

**निजीक्षेत्रमुखी ...**

'भविष्यको दायित्व नबढ्ने गरी तलव वृद्धिमा संयमित भएको छ सरकार । कर्मचारीलाई अन्याय त भयो तर मुलुकको क्षमता नभएको बेला तलब बढाउनु उपयुक्त हुन्थेन । सरकारसँग अहिले तलब बढाउने हैसियत थिएन,' पूर्वसचिव खनालले भने । 'त्यसैले तलब नबढाउनु अहिलेका लागि सही कदम हो ।'

विगत केही वर्षदेखि अर्थतन्त्रको वृद्धिदर सुस्ताउँदा सरकारी राजस्व पनि लक्ष्य अनुसार उठन सकेका छैन । त्यसैले राजस्व १३ खर्बभन्दा बढी उठाउने लक्ष्य भने आचार्यलाई महत्त्वाकांक्षी लागेको छ ।

विदेशी दातृनिकायले अनुदानको अंश घटाउँदै गए पनि सरकारले चालू आर्थिक वर्षको भन्दा केही बढी अनुदान आउने अपेक्षा गरेको छ । आन्तरिक र बाह्य ऋणको लक्ष्य पनि केही बढाइएको छ । 'सरकारले बाह्य ऋण लिएर भए पनि खर्च बढाउनु पर्थ्यो तर सरकार ऋण लिन डराएको जस्तो देखिन्छ,' आचार्यले भने ।

स्रोतको चाप खेपिरहेको सरकारले विद्युतीय गाडीमा भन्सार दर बढाउने धेरैको अपेक्षा थियो । त्यही डरमा विद्यतीय सवारीको आयात विगत २ महीनामा ह्वात्तै बढेको थियो । तर, सरकारले विद्युतीय सवारीको हकमा विद्यमान भन्सार दरमा कुनै परिवर्तन गरेन ।

आर्थिक क्षेत्रको थिंकटचांक समृद्धि फाउन्डेशनका निर्देशक दीपेन्द्र चौलागाईंले सूचनाप्रविधि क्षेत्रमा युवालाई आकर्षित गर्न लिएको लिएको नीति, नेपाल टेलिकमको थप शेयर जनतालाई दिने घोषणा र स्कूलमा शिक्षकको व्यवस्थापनमा सुधार आदि विषयमा राम्रो नीति आएको बताए । सरकारले यो बजेट कार्यान्वयन गरेर ६ प्रतिशत आर्थिक वृद्धि प्राप्त गर्ने लक्ष्य लिएको छ । यो लक्ष्य ठीकै भएको पूर्वसचिव खनालको भनाइ छ ।

**नेपालीलाई विदेशमा ...**

होटेल, निर्माणलगायत व्यवसायीलाई विदेशमा लगानी गर्न दिनुपर्ने आयोगको सुझावमा भने बजेटमा केही उल्लेख गरिएको छैन ।

आयोगले नेपालमा चलेका होटेल, रेस्टुराँ र पर्यटन सेवासम्बन्धी काम गर्ने कम्पनीलाई लगानी प्रस्तावको मूल्यांकन गरी कम्पनीको चुक्ता पूँजीको ५० प्रतिशतसम्म विदेशमा लगानी गर्न दिने व्यवस्था गर्न सुझाव दिएको थियो ।

साथै निर्माण व्यवसायीले विदेशको निर्माण ठेक्कामा भाग लिन आवश्यक बिड बन्डको रकम भुक्तानी गर्न र ठेक्का पाएको खण्डमा ठेक्का बापतको जमानत (पर्फर्मेन्स बोन्ड) र काम शुरू गर्नका लागि आवश्यक पर्ने बैंक जमानत दिनुपर्नेजस्ता सुझाव दिएको थियो । यस्तै आयोगले दिएको सुझावमा नेपाली नागरिकले नेपालमै बसी कुनै विदेशी कम्पनीलाई प्रविधि वा विशिष्ट प्रकृतिको ज्ञान वा अन्य कुनै सेवा उपलब्ध गराएबापत कुनै विदेशी मुद्रा भुक्तानी नहुने गरी स्वेट शेयर लिन पाउने कानूनी व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ । आगामी आवको बजेटमा स्वेट शेयर लिन पाउने व्यवस्था भने घोषणा गरिएको छ ।

नेपाल एशोसिएशन फर सफ्टवेयर एन्ड आईटी सर्भिसेज कम्पनिज् (नास-आईटी)का अध्यक्ष सन्तोष कोइरालाले बजेटले गरेको व्यवस्था स्वागतयोग्य नै भएको टिप्पणी गरे । 'बजेटले एउटा उद्देश्यले ल्याएको छ,' कोइरालाले भने । 'यो जरुरी नै थियो, अब यसलाई कसरी नियमन र सन्तुलन गर्ने भन्ने हो । तर, अहिले सरकारले नियामक निकायको रूपमा लगानी बोर्डलाई अघि सारेसँगै विदेशमा लगानीको कुरा कसले हेर्छ भन्ने द्विविधा हटेको छ ।' निर्यात गर्नेलाई लक्षित गर्नु राम्रो नभए पनि यसबाट सरकारले सुरक्षित हुन खोजेको जस्तो देखिएको उनको भनाइ छ । शुरूमा यो व्यवस्था गर्दा सुरक्षित हुन खोजेको देखिएको भन्दै उनले स्वेट शेयरको विषयले भने आइटी, सेवा निर्यातलाई सघाउ पुग्ने बताए ।

**विद्युतीय गाडीमा ...**

यो शुल्क आगामी साउनदेखि लागू हुनेछ । त्यस्तै, सरकारले पाँचतारे होटेल तथा लक्जरी रिसोर्ट, आयातित तयारी मदिराको पैठारीमा भन्सार महशुल तथा अन्तःशुल्क सहितको मूल्यमा पनि २ प्रतिशत विलासिता शुल्क उठाउँदै आएको छ ।

यस्तै, सरकारले चिनीको आयात महशुल आधा बनाएको छ । चिनीको महशुल ३० बाट १५ प्रतिशत बनाएको छ । कोल्ड ड्रिंक्स, बिस्कुट, इनर्जी ड्रिंक्स, कन्फेक्सनरी, जुसलगायत उद्योगले लामो समयदेखि चिनीको आयात महशुल घटाउन माग गरिरहेका थिए ।

सरकारले सिमेन्ट र डन्डीको अन्तःशुल्क बढाएको छ । यी वस्तु मुलुकभित्रै उत्पादन हुन्छन् । सिमेन्टमा यसअघि प्रतिबोरा ११ रुपैयाँ अन्तःशुल्क लाग्दै आएको थियो । अबदेखि मूल्यको ५ प्रतिशत लाग्नेछ । एक बोरा सिमेन्टको मूल्य ४०० रुपैयाँ भएमा २० रुपैयाँ अन्तःशुल्क थपिनेछ । मूल्यका आधारमा अन्तःशुल्क लाग्ने भएको छ । यसले गर्दा सिमेन्टको मूल्य बढेसँगै अन्तःशुल्क बढ्नेछ । त्यस्तै डन्डीमा पहिले प्रतिकेजी १ रुपैयाँ रहेकोमा अबदेखि १ रुपैयाँ २५ पैसा अन्तःशुल्क लाग्नेछ ।

खाद्यान्न, गेडागुडी, फलफूललगायत वनस्पतिजन्य, पशुजन्य तथा दूधजन्य पदार्थमा भन्सार बिन्दुमा लाग्दै आएको अग्रिम आयकर खारेज गरिएको छ । चालू आर्थिक वर्षमा धान, चामल, दाल, गेडागुडीमा १ दशमलव ५ देखि २ दशमलव ५ प्रतिशतसम्म अग्रिम कर लाग्दै आएको थियो । अग्रिम आयकर घट्दा आगामी दिनमा खाद्यान्नको मूल्यमा उपभोक्ताले केही राहत पाउनेछन् । फलफूलमा लाग्दै आएको १० प्रतिशत अग्रिम कर हटेको छ । चालू आवको बजेटमार्फत खाद्यान्न आयातमा लाग्ने अग्रिम आयकर बढाएर १० प्रतिशतसम्म पुऱ्याइएको थियो । बीचमा पुनः घटाएपछि खाद्यान्न आयातकर्ताले २ दशमलव ५ प्रतिशतसम्म अग्रिम आयकर तिर्दै आएका थिए । फलफूल आयात गर्दा भन्सार बिन्दुमा तिर्नुपर्ने अग्रिम आयकर भने १० प्रतिशत नै रहेको थियो ।

सूचना प्रविधिमा आधारित उद्योग र होटेल तथा रिसोर्टलाई विशेष उद्योग सरह आयकर र विद्युत् महशुल छूट दिइएको छ भने सूचना प्रविधि सेवा निर्यातबाट प्राप्त हुने आयमा लाग्ने करमा ७५ प्रतिशत छूट हुने व्यवस्था मिलाएको छ । नेपालमा बसेर विदेशमा सूचना प्रविधि सेवा निर्यात गर्ने व्यक्तिको आम्दानीमा ५ प्रतिशत मात्र आयकर लाग्ने र यो कर अन्तिम हुने व्यवस्था गरिएको छ । १० करोड रुपैयाँसम्म वार्षिक कारोबार गर्ने स्टार्टअप व्यवसायलाई ५ वर्षसम्म आयकर नलाग्ने व्यवस्था बजेटले गरेको छ ।

बजेटले मूल्य अभिवृद्धिकर तथा अन्तःशुल्कको विवरण बुझाउन वा कर दाखिला गर्न नसकेका व्यक्तिलाई विवरण र कर बुझाएमा ब्याज, थप दस्तुर, विलम्ब शुल्क र जरीवानामा सहुलियत दिएको छ । त्यस्तै अन्तरराष्ट्रिय हवाई सेवाप्रदायक कम्पनी र सोको हवाई टिकटको कारोबार गर्ने व्यक्तिले मूल्य अभिवृद्धिकरमा दर्ता भई बुझाउन बाँकी कर बुझाएमा ब्याज, थप दस्तुर र जरीवाना मिनाहा हुने व्यवस्था गरिएको छ ।

श्रवणशक्ति कमजोर भएका व्यक्तिलाई आवश्यक पर्ने श्रवणयन्त्रमा लाग्ने मूल्य अभिवृद्धिकर खारेज गरेको छ । बजेटमा हवाई वा स्थलमार्गबाट नेपाल प्रवेश गर्ने यात्रुले नेपालमा विनिमय हुने ५ हजार अमेरिकी डलर बराबरको विदेशी मुद्रा वा ट्राभलर्स चेक साथमा ल्याउन पाउने र त्योभन्दा बढी भन्सार बिन्दुमा घोषणा गरी ल्याउन सक्ने व्यवस्थालाई सहजीकरण गरिने अर्थमन्त्रीले घोषणा गरेका छन् । राजस्व छूट सुविधामा पैठारी गर्न पाउने बिरामी बोक्ने एम्बुलेन्समा विद्यमान १६ लाख रुपैयाँको मूल्य सीमा हटाइएको छ ।

करको दायरा विस्तार र आधार संरक्षण गर्दै सरकारले मदिरा, बियर, सुर्ती र चुरोट आयातमा लाग्दै आएको भन्सार महशुल दर बढाएको छ । विद्यमान अन्तःशुल्क दरमा सामान्य वृद्धि र स्वास्थ्य जोखिम करको दायरा विस्तार गरिएको अर्थमन्त्री पौडेलले बताए ।

काठ तथा काठजन्य सामग्रीको गुणस्तरीय उत्पादन तथा उपभोग बढाउन काठ सिजनिङ गर्ने उद्योगलाई आवश्यक पर्ने मिल मेशिनरी पैठारी गर्दा १ प्रतिशत मात्र भन्सार महशुल लगाई अन्य कर तथा महशुल खारेज गरिएको छ भने प्रांगारिक र प्राकृतिक मल उत्पादनका लागि मिल मेशिनरी तथा उपकरण पैठारी गर्दा लाग्ने भन्सार महशुल हटाई अन्य कर तथा महशुल खारेज गरिएको छ ।

फुटबल, क्रिकेट तथा बहुउद्देश्यीय रंगशालाको पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने यन्त्र, उपकरण तथा खेल सामग्रीको पैठारीमा १ प्रतिशत भन्सार महशुल लगाई अन्य कर तथा महशुल खारेज गरिएको छ । ग्रीन हाइड्रोजन उत्पादन गर्ने उद्योगको लागि पैठारी हुने मेशिनरी उपकरणमा सबै किसिमका कर महशुल नलाग्ने व्यवस्था गरिएको छ । ग्रीन हाइड्रोजन उत्पादकलाई ६ वर्षसम्म आयकर छूट दिने व्यवस्था गरिएको छ ।

सौर्य तथा वायुऊर्जाबाट विद्युत् सञ्चय गर्न आवश्यक पर्ने ब्याट्री तथा अन्य यन्त्र उपकरण पैठारीमा १ प्रतिशत भन्सार महशुल लिई अन्य कर, महशुल नलाग्ने व्यवस्था गरिएको छ । विद्युतीय सवारीसाधनको चार्जिङ मेशिन उत्पादन तथा एसेम्बलिङ गर्ने उद्योग स्थापनाका लागि आवश्यक पर्ने उपकरण पैठारीमा १ प्रतिशत भन्सार महशुल लिई अन्य कर, महशुल नलाग्ने व्यवस्था गरिएको छ । साथै, त्यस्ता उद्योगलाई ५ वर्षसम्म आयकर छूट दिने भनिएको छ ।

२० वर्षभन्दा पुराना वा सञ्चालनमा आउन नसक्ने सार्वजनिक तथा निजी सवारीसाधनको लगत कट्टा गर्ने प्रयोजनका लागि अन्तिम २ वर्षको आयकर बुझाएमा बाँकी छूट दिने भनिएको छ । सडक, सिँचाइ र जलविद्युत् आयोजनामा सुरुङ प्रविधिको प्रयोग प्रवर्द्धन गर्न निजीक्षेत्रले टनेल बोरिङ मेशिन पैठारी गर्दा १ प्रतिशत भन्सार महशुल लिई बाँकी कर तथा महशुल छूट दिइएको छ ।

आर्थिक विधेयकमार्फत ढुवानी सेवाप्रदायक व्यवसायीले प्राकृतिक व्यक्तिको ढुवानीका साधन भाडाबापत अग्रिम कर कट्टी गरी भुक्तानी गरेकोमा उक्त भाडाबापतको रकम करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउने व्यवस्था गरिएको छ भने साविकमा आन्तरिक राजस्व विभागबाट स्वीकृति प्राप्त अवकाश कोषहरू कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष वा निवृत्तभरण कोषद्वारा सञ्चालित अवकाश कोषमा अनिवार्य रूपमा आबद्ध हुनुपर्ने व्यवस्था गरिएको छ ।

विद्युतीय बीजक प्रणालीमा करदाताको आबद्धता बढाउँदै केन्द्रीय बीजक अनुगमन प्रणालीको दायरा फराकिलो बनाइएको छ । सबै किसिमका डिजिटल कारोबारलाई करको दायरामा ल्याउन डिजिटल सर्भिस टचाक्सको आधार विस्तार गरेको अर्थमन्त्री पौडेलले बताए । उनका अनुसार कर छूट, सहुलियत तथा सुविधालाई समयानुकूल परिमार्जन गरी कर खर्च प्रणालीलाई औचित्यपूर्ण बनाइनेछ ।

अस्थायी पैठारी हुने सवारी तथा ढुवानीका साधन र उपकरणमा भन्सार विन्दुमा महशुल संकलन गरेपछि नेपालभित्र यात्रा गर्दा संघ, प्रदेश वा स्थानीय तहबाट प्रवेश शुल्क, रुट दस्तुर वा अन्य कुनै महशुल असुलउपर गर्न नपाइने व्यवस्था गरिएको छ । निकासी पैठारी गर्ने उद्योगी व्यवसायीले एक्जिम कोड लिँदा ३ लाखको बैंक ग्यारेन्टी राख्नुर्ने व्यवस्था खारेज गरेको छ । उद्योगपति विनोद चौधरीले यसबारे प्रतिक्रिया दिँदै यसले व्यवसायीलाई ठूलो राहत दिने बताए । 'निकासी पैठारी गर्ने उद्योगी व्यवसायीले एक्जिम कोड लिँदा राख्नुपर्ने ३ लाख बैंक ग्यारेन्टीको व्यवस्था खारेज गर्नु अत्यन्तै सकारात्मक छ,' उनले भने । 'यसले ठूलो राहत सृजना गर्नेछ ।'

आय विवरण पेश नगरेका करदातालाई कार्यालयले गरिदिएको संशोधित कर निर्धारणबाट सृजित बक्यौता फरफारक गर्ने मौका दिने बताइएको छ । डिजिटल भुक्तानीलाई प्रोत्साहित गर्न समाशोधनगृहको सेवामा लाग्दै आएको मूल्य अभिवृद्धिकर आर्थिक विधेयकमार्फत खारेज गरिएको छ ।

आर्थिक ऐनमार्फत करदाताले करयोग्य कारोबार नगरेको अवस्थामा समेत न्यूनतम कर तिर्नुपर्ने विद्यमान व्यवस्थालाई खारेज गरिएको छ । आधिकारिक व्यावसायिक व्यक्तिको छनोट गरी त्यस्ता व्यक्तिले निकासी पैठारी गर्दा द्रुत मार्गको सुविधा दिने र व्यावसायिक स्थलमै मालवस्तु परीक्षण सेवा प्रदान गर्ने बजेटमा उल्लेख गरिएको छ । भन्सार मूल्यांकनलाई यथार्थपरक बनाउन अन्तरराष्ट्रिय मूल्य प्रवृत्तिको स्वचालित डाटाबेस तयार गरी सन्दर्भ मूल्यलाई स्वचालित मूल्यांकन प्रणालीले विस्थापित गरिने उल्लेख छ ।

अर्थमन्त्री पौडेलले संसद्मा बजेट प्रस्तुत गर्दै राजस्व चुहावटमा निर्मम हुने बताए ।

'छिमेकी मुलुकसँग द्विपक्षीय व्यापारसम्बन्धी तथ्यांक र सूचना आदानप्रदान गर्ने प्रणाली विकास गरी राजस्व चुहावट जोखिम न्यूनीकरण गरिनेछ,' उनले भने । 'राजस्व चुहावट नियन्त्रण गर्न इन्टेलिजेन्समा आधारित अनुसन्धान प्रणाली विकास गरिनेछ । राजस्व परिचालनसँग सम्बद्ध निकायबीच सूचना आदानप्रदान तथा संयुक्त अनुगमनलाई प्रभावकारी बनाइनेछ ।'

पौडेलका अनुसार आगामी वर्ष राजस्व प्रशासनको विशिष्टीकरण, क्षमता विकास र दक्षता अभिवृद्धि गर्दै राजस्व सेवालाई पेपरलेस, कन्टचाक्टलेस तथा फेसलेस बनाउँदै लगिनेछ । व्यापार सहजीकरण तथा व्यावसायिक लागत न्यूनीकरणका लागि प्रमुख भन्सार नाकामा एकीकृत जाँच चौकी स्थापना तथा स्तरोन्नति गरिनेछ । आन्तरिक राजस्व सूचना प्रणालीमा समयानुकूल परिवर्तन गर्न बिजनेस प्रोसेस रिइन्जिनीयरिङ गरिनेछ । यसबाट कार्यप्रक्रियामा सरलता आई कर परिपालना र संकलन लागतमा कमी आउने विश्वास अर्थमन्त्रीले व्यक्त गरे ।

## आगामी साधारणसभा

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) बोनस | प्रस्तावित लाभांश (%) नगद | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | भरतपुर गार्डेन रिसोर्ट, चितवन | जेठ १६ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ ८ |
| २ | दिव्यश्वरी हाइड्रोपावर लिमिटेड | २०७९/८०, २०८०/८१ | अन्नपूर्ण पार्टी भेन्यू, मैतीदेवी सेतोपुल, काठमाडौं | जेठ २२ | ११:३० | | | शतप्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | जेठ ८ |
| ३ | माया खोला हाइड्रोपावर कम्पनी लिमिटेड | २०७८/७९, २०७९/८०, २०८०/८१ | धुम्रबाराह भेन्यू, काठमाडौं | जेठ २३ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | जेठ ९ |
| ४ | क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | कम्पनीको रजिष्टर्ड कार्यालय विरेन्द्रनगर, सुर्खेत | जेठ २३ | ११:०० | | | सञ्चालकको नियुक्ति/निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ ९ |
| ५ | हिमालयन रिइन्स्योरेन्स लिमिटेड | २०८०/८१ | नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं | जेठ २५ | ११:०० | ४.५ | ०.२४ | वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ ११ |
| ६ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | ट्रिपल क्राउन रिसोर्ट, गलौदी, धादिङ्ग | जेठ २५ | १०:३० | | | शेयर संरचना परिवर्तन गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ १२ |
| ७ | प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | आम्रपाली ब्याङ्क्वेट, भाटभटेनी, काठमाडौं | जेठ २६ | ११:०० | ८ | ०.४२१ | हकप्रद शेयर जारी गर्ने निर्णय रद्द गर्ने, सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ १६ |
| ८ | एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | आम्रपाली ब्याङ्क्वेट, बालुवाटार, काठमाडौं | जेठ २९ | ११:०० | २.५ | ०.१३१५७९ | सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ २२ |
| ९ | रिलायन्स फाइनान्स लिमिटेड | २०८०/८१ | अनुपम फुड ल्याण्ड एण्ड ब्याङ्क्वेट प्रा.लि. बत्तीसपुतली, गौशाला, काठमाडौं | जेठ २८ | ११:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ १४ |
| १० | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | आम्रपाली ब्याङ्क्वेट, भाटभटेनी, काठमाडौं | असार २ | ११:०० | १२ | ०.६३ | वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ २६ |
| ११ | ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेड | २०८०/८१ | भरतपुर नगरपालिका उद्योग परिसर, चितवन | असार ६ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ २० |
| १२ | बेष्ट फाइनान्स कम्पनी लिमिटेड | २०८०/८१ | नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं | असार १८ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ २५ |
| १३ | नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | नेशनल लाइफ भवन, केन्द्रीय कार्यालय लाजिम्पाट, काठमाडौं | असार ५ | १०:३० | ५ | १० | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ २२ |

### निर्जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | १४६७८.६५ | २२४९३.९ | १२९१७ |
| २ | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड | १८२२.२७ | २७०३.३ | ३०२.३ |
| ३ | प्रभु इन्स्योरेन्स लिमिटेड | ८४९.५७ | १११३ | ७५६ |
| ४ | सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड | ८३३.९२ | १०७६ | ७६० |
| ५ | एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | ८०९.२६ | १३८२ | ७३२ |
| ६ | नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड | ७८७.९४ | ११६२ | ७४९.७ |
| ७ | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | ७५०.४१ | ११२० | ६७५ |
| ८ | नेको इन्सुरेन्स लिमिटेड | ७०९.६२ | १०५० | ६८७ |
| ९ | सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड | ६७५.२८ | ९२६ | ६५८.२ |
| १० | यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड | ५९६.२२ | ८३७.३ | ५४५.२ |
| ११ | हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | ५६९.१४ | ८१० | ५५५ |
| १२ | सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड | ५६०.९ | ८१७.१ | ५१६ |
| १३ | आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड | ५४७.३८ | ७६० | ५०८ |

## प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को सार्वजनिक सुनुवाई सम्बन्धि सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२/०२/१६**

कोशी प्रदेश, तेर्हथुम जिल्ला, छथर गाउँपालिकाद्वारा छथर गाउँपालिका स्थित वडा नं १ मा लम्बु खोला सौर्य लिफ्टिंग सिंचाई तथा खानेपानी आयोजना निर्माण प्रस्ताव गरिएको छ । यस प्रस्ताव कार्यन्वयन गर्नका लागि वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ अनुसार प्रारम्भिक वातावरणीय परिक्षण IEE प्रतिवेदन तयार गरि स्वीकृत गर्नुपर्ने प्रावधान अनुसार प्रतिवेदन तयारीका शिलसिलामा सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो ।

माथि उल्लेखित परियोजनाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारीको क्रममा वातावरणीय सवाल बारे राय सुझाव संकलन गर्नु पर्ने भएकाले स्थानीय तहका जनप्रतिनिधिहरु, स्थानीय सरोकारवालाहरु, स्थानीय संघ संस्थाका प्रतिनिधिहरु र प्रस्तावकको प्रतिनिधिका बिच प्रस्तावको बारे सार्वजनिक सुनुवाई कार्यक्रम निम्न मिति, स्थान र समयमा आयोजना गरिने हुँदा सम्बन्धित सबैको सक्रिय उपस्थितिका लागि अनुरोध गरिन्छ ।

| क्र.स | मिति र समय | प्रस्ताव कार्यन्वयन क्षेत्र | स्थान |
|---|---|---|---|
| १ | २०८२/०२/२५, समय: ११:०० बजे | छथर गाउँपालिका | गाउँपालिकाको सभा हल |

## ठेगाना परिवर्तन भएको सूचना

प्रकाशित मिति : २०८२/०२/१६

यस एबीसी सेक्यूरिटिज प्रा. लि., स्टक ब्रोकर नं. १७, इन्द्रचोक, काठमाडौंमा रहेको मुख्य कार्यालयको तपशिल बमोजिमको ठेगानामा कार्यलय स्थानान्तरण हुने भएकोले हाम्रा ग्राहक, शेयरधनी र सरोकारवालाहरु सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| हालको ठेगाना | स्थानान्तरण हुने ठेगाना |
|---|---|
| का.म.न.पा.-२४, इन्द्रचोक, काठमाडौं | का.म.न.पा.-१, कमलादी, काठमाडौं (पहिलो तल्ला, सिटी एक्सप्रेसको भवन) |

**ABC SECURITIES**
स्टक ब्रोकर नं.: १७
इन्द्रचोक, काठमाडौं, फोन नं.: ०१-५९७०११७
ईमेल : info@abc.com.np
वेबशाइट : www.abc.com.np

एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड
सबैको सुरक्षा, एनएलजीको ईच्छा
पो.ब.नं. २०६००, पानीपोखरी, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं.: ०१-४००६६२५, ४४४२६४६, ४५१८११३
ईमेल : info@nlgi.com.np
वेबसाईट : www.nlgi.com.np

## एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडको आ.व. २०८२/०८३ सालको लागि NFRS-17 कार्य गर्ने सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रकाशित मिति : २०८२/०२/१६**

यस एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडको आ.व. २०८२/०८३ सालको लागि Nepal Financial Reporting Standards 17, Insurance Contract सम्बन्धी व्यवस्था लागु गर्नुपर्ने भएकाले त्यस सम्बन्धी कार्यमा दख्खल इच्छुक स्वदेशी तथा विदेशी फर्म, कम्पनी, संस्थालाई यो सूचना प्रकाशित भएको मितिबाट १५ दिन भित्र तपसिलमा तोकिएका शर्तहरुको परिधि भित्र रही आवश्यक कागजातहरु सहित कम्पनीको केन्द्रिय कार्यालय, श्री भवन, पानीपोखरी, लाजिम्पाटमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नको लागि आव्हान गरिएको छ ।

**शिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. कम्तीमा ५ वर्षको बीमा क्षेत्रको लेखापरीक्षणको अनुभव सहितको कम्पनी/फर्मको प्रोफाईल,
२. Nepal Financial Reporting Standards 17, Insurance Contract सम्बन्धी व्यवस्था लागु गर्ने सम्बन्धमा समय तालिका तथा लागत विवरण,
३. विदेशी संस्थाको हकमा स्वदेशी कम्पनी तथा फर्मसंग कार्य समन्वयको सम्झौता पत्र,
४. कम्पनी/फर्म दर्ता प्रमाणपत्र,
५. प्यान/भ्याट प्रमाणपत्र,
६. विगत तीन आ.व. को कर चुक्ता प्रमाणपत्र,
७. विगत तीन आ.व. को वार्षिक प्रतिवेदन (आर्थिक विवरण),
८. फर्म वा कम्पनी कालोसूचीमा नरहेको प्रमाण ।

**शर्तहरु :**

१) प्राप्त भएका शिलबन्दी बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा मिति २०८२ आषाढ १ गते, आइतबार दिनको २:०० बजे कम्पनीको केन्द्रिय कार्यालयमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिहरु उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।
२) बोलपत्रसाथ पेश हुने कागजातहरुको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।
३) म्याद भित्र प्राप्त नभएको बोलपत्र वा रित नपुगी दाखिला भएको बोलपत्र सम्बन्धमा कुनै कारवाही हुने छैन ।
४) बोलपत्रको सम्पूर्ण कागजातमा बोलपत्रदाता/अख्तियार प्राप्त व्यक्तिले सही गरी फर्म/कम्पनीको छाप लगाएको हुनुपर्नेछ ।
५) बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन सोही समयमा कायम हुनेछ ।
६) कुनै बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने र कुनै पनि समय बोलपत्रको प्रक्रियालाई अन्त गर्ने र सबै बोलपत्रहरु अस्वीकार गर्ने अधिकार कम्पनीमा निहित रहनेछ, र यसबाट बोलपत्रदाताप्रति कम्पनीको कुनै दायित्व रहने छैन ।
७) यस बोलपत्र सम्बन्धी थप जानकारी आवश्यक परेमा केन्द्रिय कार्यालयको फोन नं. ०१-४४४२६४६ वा ईमेल info@nlgi.com.np मार्फत सम्पर्क गर्न सकिने छ ।

### लघुवित्त कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड | ५४८५.५२ | ६७३५ | २२००.२ |
| २ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | ३४७३.७ | ६६०० | १७१५ |
| ३ | गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड | २४९८.०७ | ३४८६ | १५६० |
| ४ | समाज लघुवित्त वित्तीय संस्था लिमिटेड | २४७१.३६ | ४१८१ | २००० |
| ५ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | २२८१.८ | २६४८.७ | १८०७ |
| ६ | सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड | २२७५.९१ | ४०२६.२ | १५०२ |
| ७ | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २२७०.०९ | ४२७१ | १३२० |
| ८ | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २११०.२५ | ३२२३ | १८८२ |
| ९ | उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड | २०४४.२ | २१३७ | १३२० |
| १० | श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड | २०२३ | २९०७ | १६५६ |
| ११ | स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड | १७८१ | २४२६.४ | १२६४ |
| १२ | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १६९८.२८ | १९५८ | १४२० |
| १३ | नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | १६७६.११ | २६४१ | १५८० |
| १४ | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | १६३६.०४ | २५३० | १२७५ |
| १५ | गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड | १५४०.१ | २३२७ | ११६१.२ |
| १६ | मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड | १४९१.५९ | २०१९ | १२२४ |
| १७ | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १४८१.७९ | ३०४७ | १०९९.९ |
| १८ | धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड | १४५०.३३ | २२५० | ११६० |
| १९ | जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १३७२.९३ | १८६०.४ | १२७४ |
| २० | ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड | १३२५ | १८१५ | १११८.२ |
| २१ | जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | १३०६.२ | १९२० | १२७०.७ |
| २२ | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | १२५४.२३ | १८५१ | ११३०.२ |
| २३ | नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड | १२४०.१३ | १७२७ | ११६१ |
| २४ | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड | १२१०.३६ | १७१६ | ९३३.२ |
| २५ | फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ११४२.९८ | १७३९ | १०५९.३ |
| २६ | लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड | ११०४.५८ | १४२८ | ९९३ |
| २७ | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड | १०७५.१९ | १४९१ | ८९४.१ |
| २८ | कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड | १०४५.९३ | १२८५ | ९५०.६ |
| २९ | अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड | १०३२.८८ | १३०६.८ | ८०४.४ |
| ३० | हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड | ९७२.५ | १४४७ | ८१७ |
| ३१ | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | ९५३.५६ | १४७०.८ | ८२६ |
| ३२ | स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड | ८९८.७९ | १२५० | ७२३.३ |
| ३३ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड | ८८९.३७ | ११५५ | ८१५ |
| ३४ | इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड | ८७९.३७ | १४०० | ८२०.२ |
| ३५ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | ८६६.४१ | ११९० | ७४४ |
| ३६ | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड | ८३८.६१ | १२३२ | ७८१ |
| ३७ | विजय लघुवित्त वित्तीय संस्था लिमिटेड | ८३६.७ | ११७४ | ७७० |
| ३८ | आशा लघुवित्त वित्तीय संस्था लिमिटेड | ८१९.६४ | ११७७ | ७७१ |
| ३९ | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ८१७.३४ | ९८७ | ६६७.१ |
| ४० | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ८०६.९४ | १०९९ | ७१३ |
| ४१ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ८०१.६७ | ११०५ | ७८०.२ |
| ४२ | समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७६.८१ | १२७१ | ७३५ |
| ४३ | फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७५१.५३ | १००४ | ६५० |
| ४४ | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७४८.४७ | ९८० | ६४८ |
| ४५ | सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७३३.३४ | १२१४.८ | ६८२.१ |
| ४६ | एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड | ७१५.३६ | ९१८ | ६३० |
| ४७ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | ६९४ | ९३०.२ | ६४९ |
| ४८ | आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड | ६७५.५३ | ८९० | ६३९ |
| ४९ | नेरूडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड | ६६०.११ | ९८८ | ६०८.२ |
| ५० | एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड | ६३०.६३ | ९०७ | ६०६.३ |

## वस्तु तथा सेवाको वार्षिक आपूर्तिको लागि सूचीकृत हुने बारेको सूचना

यस सेन्ट्रल फाईनान्स लिमिटेडलाई आ.व. २०८२/८३ को लागि आवश्यक पर्ने तपसिलमा उल्लेखित वस्तु तथा सेवाको वार्षिक आपूर्ति गर्ने प्रयोजनको लागि सम्बन्धित वस्तु तथा सेवाको कारोबार गर्ने फर्म/कम्पनीको सूची तयार गर्नुपर्ने भएकोले इजाजतपत्र प्राप्त रजिष्टर्ड फर्म/कम्पनीले आफ्नो दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) प्रमाण पत्रको प्रतिलिपि, कम्पनी प्रोफाईल (अनुभव, मुख्य सम्पर्क व्यक्ति, सम्पर्क नम्बर तथा ठेगाना, जनशक्ति, हाल कार्य गरिरहेको कम्पनीको सिफारिस पत्र, भौतिक पुर्वाधार) एवं आ.व. २०८०/८१ को कर चुक्ताको प्रमाणपत्र सहितको आवेदन यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस संस्थाको केन्द्रीय कार्यालय, कानदेवता स्थान, कुपण्डोल, ललितपुरमा सूची दर्ता गराउनु हुन आह्वान गरिन्छ ।

**सूचीकृत फर्म/कम्पनीहरू मार्फत आपूर्ति गरिने वस्तु तथा सेवाको विवरण**

**समूह - क**

१) स्टेशनरी सामग्री छपाई कार्य तथा आपूर्ति,
२) MICR चेक छपाई कार्य तथा आपूर्ति,
३) प्रिन्टरहरुमा इन्क कार्टेज, टोनर आपूर्ति,
४) एटीएम जर्नल र रिसिप्ट प्रिन्टिङ्ग रोल आपूर्ति,
५) कर्मचारी पोशाक आपूर्ति तथा सिलाई,
६) स्टेशनरी तथा मसलन्द सामान आपूर्ति,
७) टेलिफोन, जेनेरेटर, एयर कण्डिसन, फोटोकपी, कम्प्युटर, प्रिन्टर, नोट काउन्टिङ्ग मेसिन, UPS, EPABX, CCTV, डाटा सेन्टरको लागि आवश्यक पर्ने सामग्री (सर्भर, स्टोरेज आदि), सफ्टवेयर लगायतका सामग्रीको आपूर्ति,
८) एटीएम, हाजिरी मेसिन, सेक्युरिटी डिभाइस (Fire Alarm, Fire Extinguisher, Router, Switch) लगायतका सामग्रीको आपूर्ति,
९) डिजिटल बोर्ड, ग्लोसाइन बोर्ड र साइनबोर्डको आपूर्ति,
१०) मेटल फर्निचर (फाईलिङ्ग क्याविनेट, सेफ, भल्ट, लकर, फायर प्रुफ क्याविनेट), काठका फर्निचर तथा अन्य अफिस फर्निचरको आपूर्ति ।

**समूह - ख**

१) टेलिफोन, जेनेरेटर, एयर कण्डिसन, कम्प्युटर, प्रिन्टर, UPS, EPABX, CCTV, डीभीआर/एनभीआर लगायतका विद्युतीय सामग्रीको मर्मत सेवा,
२) हाजिरी मेसिन, Access Control तथा Security Device (Fire Alarm, Fire Extinguisher) Router, Switch लगायतका सामग्रीको मर्मत सेवा,
३) सवारी साधान मर्मत तथा स्पेयर पार्टस् आपूर्ति,
४) विद्युत वायरिङ्ग एवं अन्य मर्मत सेवा,
५) प्लम्बिङ्ग सेवा,
६) सिभिल कार्यको सेवा,
७) मेटल फर्निचर (फाईलिङ्ग क्याविनेट, सेफ, भल्ट, लकर, फायर प्रुफ क्याविनेट), काठका फर्निचर तथा अन्य अफिस फर्निचरको मर्मत सेवा ।
८) धितो मूल्याङ्कनकर्ता सेवा ।
९) सुरक्षा गार्ड सेवा ।

**अन्य जानकारीहरू:**

१) सूचीकृत हुन आवेदन दिने फर्म तथा कम्पनीहरु मध्येबाट ग्राह्यता ठहरिएको बिक्रेता व्यक्ति, फर्म तथा कम्पनीहरुलाई मात्र सूचीकृत गरिनेछ । त्यसरी सूचीकृत गर्दा पेश हुन आएका विवरण, क्षमता, अनुभव तथा दक्षतालाई आधार मानी खरिद समितिको निर्णयबाट सूचीकृत गरिनेछ ।
२) सूचीकृत हुन आवेदन परेका व्यक्ति, फर्म तथा कम्पनीहरुबाट यस संस्थाको आवश्यकता अनुसारको सामान खरिद गर्न तथा सेवा प्राप्त गर्न सो कामको कोटेशन घटाघट वा बोलकबोलद्वारा भाग लिन अनुरोध गर्न सकिनेछ ।
३) सूचीकृत भएका व्यक्ति, फर्म तथा कम्पनीहरुले सन्तोषजनक सेवा तथा समयमा बस्तु तथा सेवा आपूर्ति नगरेको खण्डमा सूचीबाट बिना नाम हटाउन सकिनेछ । यस उपर कुनै दावी विरोध गर्न पाइने छैन ।
४) सूचीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा नै निहित रहनेछ ।
५) यस सम्बन्धी थप आवश्यक जानकारी लिन वा सूची दर्ता गराउन चाहेमा यस वित्तीय संस्थाको कानदेवता स्थान, कुपण्डोल, ललितपुरस्थित केन्द्रीय कार्यालय तथा अन्य शाखाहरुबाट जानकारी प्राप्त गर्न सकिनेछ ।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

केन्द्रीय कार्यालय : कानदेवता स्थान, कुपण्डोल, ललितपुर, फोन नं. ०१-५९७०००५
इमेल: info@centralfinance.com.np वेबसाइट: www.centralfinance.com.np

### वाणिज्य बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | एभरेष्ट बैंक लिमिटेड | ६६३.४८ | ७९० | ५११ |
| २ | स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड | ६२८.६७ | ७९० | ५४९ |
| ३ | नबिल बैंक लिमिटेड | ५००.४२ | ७०० | ४५० |
| ४ | नेपाल एसबिआई बैंक लिमिटेड | ४०९.४९ | ५४९ | २८२.३ |
| ५ | एनआईसी एशिया बैंक लिमिटेड | ३७१.६२ | ५७३ | ३३५.५ |
| ६ | सानिमा बैंक लिमिटेड | ३२३.५२ | ३८२ | २४० |
| ७ | सिद्धार्थ बैंक लिमिटेड | ३०४.७२ | ३८० | २३७ |
| ८ | कृषि विकास बैंक लिमिटेड | २९९.६ | ४२८.४ | २४९.९ |
| ९ | नेपाल बैंक लिमिटेड | २६१.३४ | ३३७.५ | २०२ |
| १० | प्राइम कमर्सियल बैंक लिमिटेड | २५७.८४ | ३२९ | १९०.१ |
| ११ | एनएमबि बैंक लिमिटेड | २५४.०५ | ३०० | १७९.३ |
| १२ | ग्लोबल आइएमई बैंक लिमिटेड | २४९.२७ | ३०२ | १७० |
| १३ | हिमालयन बैंक लिमिटेड | २३६.२५ | ३१२.१ | १७२.१ |
| १४ | माछापुच्छ्रे बैंक लिमिटेड | २३४.८२ | २९५ | १६४.२ |
| १५ | लक्ष्मी सन्राइज बैंक लिमिटेड | २३२.६३ | ३०० | १४७.७ |
| १६ | सिटिजन्स बैंक इन्टरनेसनल लि. | २२२.५५ | २९६ | १६०.१ |
| १७ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. | २२२.४१ | २९५ | १४९.२ |
| १८ | कुमारी बैंक लिमिटेड | २२२.०७ | २७२.९ | १३३.२ |
| १९ | प्रभु बैंक लिमिटेड | २१९.२७ | २९७ | १३७ |

### विकास बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड | २५२८.२५ | २८४२.३ | ४६२.१ |
| २ | नारायणी डेभलपमेन्ट बैंक लिमिटेड | १५५१.९९ | २०६० | ५२१.४ |
| ३ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १३५३.१४ | २००१.४ | ४१७ |
| ४ | सप्तकोशी डेभलपमेन्ट बैंक लि. | ९४१.५७ | १६२२.७ | ३१५.२ |
| ५ | सिन्धु विकास बैंक लिमिटेड | ८८६.६७ | १४८२ | ३६८ |
| ६ | मितेरी डेभलपमेन्ट बैंक लिमिटेड | ६०१.१ | ८४३.५ | ४७५ |
| ७ | एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड | ५९१.२३ | ८३८.२ | ३६७.७ |
| ८ | लुम्बिनी विकास बैंक लिमिटेड | ४६०.९७ | ५६० | ३६७ |
| ९ | कामना सेवा विकास बैंक लिमिटेड | ४५५.४४ | ५६४.८ | ३६२ |
| १० | सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड | ४२०.१२ | ४९७ | ३०३.४ |
| ११ | शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लि. | ४१३.७८ | ६२५ | ३७३.२ |
| १२ | गरिमा विकास बैंक लिमिटेड | ३९८.२१ | ५३१.४ | ३५०.१ |
| १३ | महालक्ष्मी विकास बैंक लिमिटेड | ३९३.८ | ४९८ | ३११.७ |
| १४ | मुक्तिनाथ विकास बैंक लिमिटेड | ३६९.४ | ४८२ | ३३६ |
| १५ | ज्योति विकास बैंक लिमिटेड | ३३८.२४ | ४४५ | २७९.१ |

### फाइनान्स कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | गुडविल फाइनान्स लिमिटेड | ६३६.०८ | १३५३ | ४४६ |
| २ | नेपाल फाइनान्स लिमिटेड | ६२२.३६ | २६१४.९ | ५०५.२ |
| ३ | आइसिएफसि फाइनान्स लिमिटेड | ६१०.५३ | ९१० | ५०४.१ |
| ४ | मञ्जुश्री फाइनान्स लिमिटेड | ५९४.९२ | ९१७ | ४९७ |
| ५ | मल्टीपर्पस फाइनान्स लिमिटेड | ५९४.५१ | ९३६.९ | ४३२.४ |
| ६ | गोर्खाज फाइनान्स लिमिटेड | ५४०.३६ | १०४१ | ५२८.१ |
| ७ | सेन्ट्रल फाइनान्स लिमिटेड | ५२४.४८ | ८२० | ३८० |
| ८ | प्रोग्रेशिभ फाइनान्स लिमिटेड | ४९९.१७ | ८६५ | ३३० |
| ९ | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड | ४९७.३५ | ७९५ | ४११.१ |
| १० | गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड | ४८९.५१ | ७५९ | ३८३ |
| ११ | बेष्ट फाइनान्स कम्पनी लिमिटेड | ४८५.०९ | ९५१.६ | ३९६.९ |
| १२ | समृद्धि फाइनान्स कम्पनी लिमिटेड | ४८४.८६ | १११७.९ | ३३४ |
| १३ | रिलायन्स फाइनान्स लिमिटेड | ४७९.४१ | ८३८ | ३९२.५ |
| १४ | जानकी फाइनान्स कम्पनी लिमिटेड | ४६८.३८ | १०८३.३ | ४०० |
| १५ | पोखरा फाइनान्स लिमिटेड | ४११.०७ | ७९४.९ | ३३९.९ |

### उत्पादन तथा प्रशोधन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | युनिलिभर नेपाल लिमिटेड | ४७६२० | ५६८०५.८ | ४०१३८ |
| २ | बोटलर्स नेपाल (तराई) लिमिटेड | १२६०० | १८१०० | १२३०० |
| ३ | ओम मेगाश्री फर्मास्यूटिकल्स लि. | १४९९.५ | १४९९.५ | २७० |
| ४ | हिमालयन डिष्टिलरी लिमिटेड | १२२४.१८ | १७४९ | ११३६ |
| ५ | सर्वोत्तम सिमेन्ट लिमिटेड | ८५०.५८ | १०६० | ६९६.८ |
| ६ | शिवम् सिमेन्ट्स लिमिटेड | ५२२.९२ | ७७९.९ | ४७०.५ |
| ७ | घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड | ५०२.६३ | ६६८ | ४६० |
| ८ | सोनापुर मिनरल्स् एण्ड आयल लि. | ४५८.३९ | ६२४ | ४२५ |

### लगानी कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | सिईडिबि होल्डिङ्ग्स लिमिटेड | २५०९.०८ | २७३० | ८६३ |
| २ | एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | २००३.३९ | २१५९ | ५६५ |
| ३ | नागरिक लगानी कोष | १९१०.४६ | २७०० | १८८७ |
| ४ | हाथवे इन्भेष्टमेण्ट नेपाल लिमिटेड | १२३५.६७ | १८१६ | ८८० |
| ५ | इमर्जिङ्ग नेपाल लिमिटेड | १११२ | १४५३.५ | ८८० |
| ६ | हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड | २९६.४५ | ३६० | १५८.१ |
| ७ | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड | २८०.०६ | ३६६.६ | १८८.१ |

### 'अन्य' कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | मुक्तिनाथ कृषि कम्पनी लिमिटेड | १५५४.५१ | १९२६ | ९३१ |
| २ | नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | १२६६.१ | १३८९.९ | ६३०.१ |
| ३ | हिमालयन रिइन्स्योरेन्स लिमिटेड | ९३६.१८ | ११५६ | ५१२ |
| ४ | नेपाल वेयरहाउजिङ्ग कम्पनी लि. | ९२१.४६ | १२६४ | ७६४ |
| ५ | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ८७४.७५ | १२१४ | ८०० |
| ६ | नेपाल रिपब्लिक मिडिया लिमिटेड | ४५६.४९ | ६४५ | ३७०.२ |
| ७ | पियोर इनर्जी लिमिटेड | ३५० | ३५० | २८९.३ |

# चैतको तुलनामा वैशाखमा करीब ७१ प्रतिशतले बढ्यो कारोबार रकम

काठमाडौं (अस) । वैशाख महीनामा मात्र धितोपत्र दोस्रो बजारमा १ खर्ब ८० अर्ब रुपैयाँभन्दा बढीको धितोपत्र कारोबार भएको छ । बजार सञ्चालक नेपाल स्टक एक्सचेन्ज (नेप्से) ले दिएको जानकारीअनुसार चैतको तुलनामा वैशाखमा कुल कारोबार रकम ७० दशमलव ९० प्रतिशत बढेको हो । नेप्सेका अनुसार चैतमा १ खर्ब ५ अर्ब रुपैयाँभन्दा बढीको धितोपत्र कारोबार भएको थियो ।

समग्र धितोपत्र दोस्रो बजार भने चैत मसान्तसम्मको तुलनामा वैशाख मसान्तसम्म १ दशमलव ५७ प्रतिशत घटेको देखिन्छ । चैत मसान्तसम्म २ हजार ६६२ दशमलव शून्य ८ विन्दुमा रहेको नेप्से परिसूचक वैशाख मसान्तसम्म भने २ हजार ६२० दशमलव २७ विन्दुमा रहेको थियो ।

बजार घटेपनि कारोबार रकम भने बढेको देखिन्छ । चैतको तुलनामा वैशाखमा संस्थापक शेयरको कारोबार सर्वाधिक बढेको नेप्सेको तथ्यांकले देखाउँछ । चैतमा १ अर्ब ३५ करोड रुपैयाँभन्दा बढीको संस्थापक शेयर कारोबार भएकोमा वैशाखमा ४ अर्ब ५६ करोड रुपैयाँभन्दा बढीको संस्थापक शेयर कारोबार भएको हो ।

| समूह | कारोबार रकम रू. दशलाख | | फरक प्रतिशत |
|---|---|---|---|
| | वैशाख महीना | चैत महीना | |
| संस्थापक शेयर | ४,५६७.९१ | १,३५६.३२ | २३६.७९ |
| जलविद्युत् | १००,२९८.९५ | ३४,०६८.६२ | १९४.४० |
| म्युचुअल फण्ड | ३३९.०८ | १६५.६३ | १०४.७२ |
| होटल तथा पर्यटन | १,८३१.६१ | १,००४.५२ | ८२.३४ |
| लगानी | २१,९०६.०५ | १२,९१८.७८ | ६९.५७ |
| उत्पादन तथा प्रशोधन | ५,१०४.५४ | ३,९२४.०३ | ३०.०८ |
| निर्जीवन बीमा | ३,२५८.७८ | २,७३८.२५ | १९.०१ |
| बैंकिङ्ग | ७,७४८.५४ | ६,७६९.७० | १४.४६ |
| वित्त | ३,९९२.९१ | ३,७६८.३१ | ५.९६ |
| विकास बैंक | १०,५७१.५१ | १०,२१२.१९ | ३.५२ |
| व्यापार | ४०९.०९ | ४२३.५२ | -३.४१ |
| लघुवित्त | ५,२१५.४५ | ५,८४७.५३ | -१०.८१ |
| जीवन बीमा | ७,०२६.७४ | ८,०२७.९२ | -१२.४७ |
| अन्य | ८,३२५.८३ | १४,२७०.३२ | -४१.६६ |
| ऋणपत्र | १०३.४४ | २३९.६७ | -५६.८४ |
| जम्मा कारोबार | १८०,७००.४३ | १०५,७३५.३१ | ७०.९० |

स्रोतः नेपाल स्टक एक्सचेन्ज (नेप्से)

संस्थापक पछि जलविद्युत् कम्पनीको शेयर कारोबार पछिल्लो महीना बढेको छ । चैतमा ३४ अर्ब ६ करोड रुपैयाँभन्दा बढीको जलविद्युत् कम्पनीको शेयर कारोबार भएकोमा वैशाखमा १ खर्ब २९ करोड रुपैयाँभन्दा बढीको शेयर कारोबार भएको हो । रकमको हिसाबमा जलविद्युत् कम्पनीहरूको वैशाखमा सर्वाधिक रकमको कारोबार भएको देखिन्छ ।

वैशाखमा चैतको तुलनामा ऋणपत्रको कारोबार भने ५६ दशमलव ८४ प्रतिशत घटेको छ । त्यस्तै, 'अन्य'को ४१ दशमलव ६६ प्रतिशत, जीवन बीमाको १२ दशमलव ४७ प्रतिशत, लघुवित्तको १० दशमलव ८१ प्रतिशत र व्यापार समूहको ३ दशमलव ४१ प्रतिशत कारोबार रकम घटेको हो । सर्वाधिक कारोबार रकम घटेको ऋणपत्रको चैतमा २३ करोड ९६ लाख रुपैयाँभन्दा बढीको कारोबार भएकोमा वैशाखमा १० करोड ३४ लाख रुपैयाँभन्दा बढीको कारोबार भएको हो ।

म्युचुअल फण्डमा पनि वैशाखमा लगानीकर्ताको आकर्षण बढेको देखिन्छ । चैतको तुलनामा वैशाखमा म्युचुअल फण्डको कारोबार करीब १०५ प्रतिशत बढेको छ । चैतमा १६ करोड ५६ लाख रुपैयाँ बराबरको म्युचुअल फण्डको इकाई कारोबार भएकोमा वैशाखमा ३३ करोड ९० लाख रुपैयाँभन्दा बढीको कारोबार भएको हो ।

# जेठ २३ गतेदेखि नयाँ योजना सञ्चालनका लागि इकाई जारी गर्दै प्रभु क्यापिटल

काठमाडौं (अस) । प्रभु क्यापिटल लिमिटेडले जेठ २३ गतेदेखि नयाँ योजना सञ्चालनका लागि इकाई निष्कासन गर्ने भएको छ । क्यापिटलले प्रभु सिस्टमेटिक इन्भेष्टमेण्ट स्किम नाम गरेको खुलामुखी योजना सञ्चालन गर्न लागेको हो । त्यसका लागि क्यापिटलले प्रतिइकाई १० रुपैयाँ अंकित मूल्यका २५ करोड रुपैयाँ बराबरको २ करोड ५० लाख इकाई बिक्री गर्न लागेको हो । यस योजनाको कुल आकार ४ करोड इकाईको हुनेछ । कुल इकाईमध्ये ७ दशमलव ५ प्रतिशत अर्थात् ३० लाख इकाई कोष प्रवर्द्धक प्रभु बैंक र ७ दशमलव ५ प्रतिशत अर्थात् ३० लाख इकाई योजना व्यवस्थापक प्रभु क्यापिटललाई सुरक्षित गरिएको छ । यी बाहेक २ करोड ५० लाख इकाई भने सार्वजनिक निष्कासनमा आउन लागेको हो । यी इकाई जेठ २७ गतेसम्म निष्कासनमा रहनेछ भने सो अवधिसम्म माग बमोजिम आवेदन नपरेमा भने असार ६ गतेसम्म निष्कासन खुला रहनेछ ।

इकाई निष्कासन तथा विक्री प्रबन्धकको जिम्मेवारी पनि योजना व्यवस्थापक प्रभु क्यापिटल लिमिटेडले पुरा गर्नेछ । इच्छुक खरीदकर्ताहरूले यी इकाई खरीदका लागि सम्पूर्ण आस्बा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका कार्यालयमार्फत आवेदन पेश गर्न सक्नेछन् । साथै, मेरो शेयर अनलाइन समेत आवेदनका लागि प्रयोग गर्न सक्नेछन् ।

यो योजना खुलामुखी प्रकृतिको भएकाले निरन्तर चलिरहनेछ । धितोपत्र दोस्रो बजारमा बन्दमुखी प्रकृतिको योजनाको जसरी कारोबार नहुने हुँदा योजना व्यवस्थापक तथा कोष प्रवर्द्धक आफै वा अन्य आधिकारिक संस्थाहरूलाई वितरक तोकी इकाई खरीदविक्री हुने व्यवस्था मिलाइनेछ । योजनाको खुद सम्पत्ति मूल्यको आधारमा यस योजनाको इकाई खरीदविक्री हुनेछ ।

# लाभांश प्रस्ताव सहित नेशनल लाइफ इन्स्योरेन्सले बोलायो साधारणसभा

काठमाडौं (अस) । नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले असार ५ गते ३७औं वार्षिक साधारणसभा बोलाएको छ ।

जेठ १४ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले कम्पनीको केन्द्रीय कार्यालय लाजिम्पाट, काठमाडौंमा बिहान १०:३० बजे सभा गर्ने निर्णय गरेको हो । सभाले गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालू आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय टुंग्याउनेछ ।

प्रस्तावित लाभांशलाई पनि सभाले अन्तिम स्वीकृति प्रदान गर्नेछ । वैशाख ३१ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले गत वर्षको मुनाफाबाट हाल कायम चुक्तापूँजीको आधारमा १० प्रतिशत नगद लाभांश र ५ प्रतिशत बोनस शेयर वितरण गर्ने निर्णय गरेको हो । साथै, शून्य दशमलव ७९ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) समेत वितरण गर्ने निर्णय कम्पनीले गरेको हो । हाल कम्पनीको चुक्तापूँजी ५ अर्ब २१ करोड २१ लाख ३३ हजार रुपैयाँ रहेको छ । उल्लिखित प्रस्तावहरूसँगै संस्थापकतर्फबाट ३ जना र सर्वसाधारणतर्फबाट २ जना सञ्चालक निर्वाचनको कार्यक्रम पनि सभाका लागि तय भएको छ ।

साधारणसभा प्रयोजनका लागि कम्पनीले जेठ २२ गते एक दिन बुक क्लोज गर्दैछ । बुक क्लोजको आधारमा जेठ २१ गतेसम्म कायम शेयरधनीहरू मात्र सभामा भाग लिन र लाभांश प्राप्त गर्न योग्य हुनेछन् ।

# बेष्ट फाइनान्सले बोलायो साधारणसभा

काठमाडौं (अस) । बेष्ट फाइनान्स कम्पनी लिमिटेडले असार १८ गते २८औं वार्षिक साधारणसभा बोलाएको छ ।

जेठ १२ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौंमा बिहान ११ बजे सभा गर्ने निर्णय गरेको हो । सभाले गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालू आर्थिक वर्ष २०८१/८२ को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय टुंग्याउनेछ ।

साथै, अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्थासँग मर्जर तथा प्राप्तिमा जाने संकेत पनि कम्पनीले गरेको छ । साधारणसभाबाट मर्जर तथा प्राप्ति प्रक्रियामा जाने भएमा त्यसको सम्पूर्ण जिम्मेवारी सञ्चालक समितिलाई दिने निर्णय पनि सभाले गर्नेछ ।

वार्षिक साधारणसभा प्रयोजनका लागि कम्पनीले जेठ २५ गते एक दिन बुक क्लोज गर्न लागेको छ । बुक क्लोजको आधारमा जेठ २२ गते बिहीवारसम्म कायम शेयरधनीहरूले मात्र सभामा भाग लिन पाउनेछन् ।

### नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका उत्पादन तथा प्रशोधन समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | जगदम्बा स्टिल्स लिमिटेड | २०,०७०,००० | ३०० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८० असोज १७ |
| ३ | एक्कर्ड फर्मास्यूटिकल्स लिमिटेड | ७०६,९०९ | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०७९ पुस ४ |
| ३ | शौर्य सिमेन्ट इण्डष्ट्रिज लिमिटेड | १५,९८१,५०० | २६४.५१ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० पुस १२ |
| ४ | मारूती सिमेन्ट्स लिमिटेड | ११,६००,००० | ३७७ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० पुस २६ |
| ५ | श्रीनगर एग्रिटेक इण्डष्ट्रिज लिमिटेड | ३,२६२,५०० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० चैत २५ |
| ६ | स्मार्ट डोर्स लिमिटेड | ३०६,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ वैशाख ३ |
| ७ | पाल्पा सिमेन्ट इण्डष्ट्रिज लिमिटेड | ७,५००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ वैशाख २३ |
| ८ | लक्ष्मी टेक्नो प्लाष्ट लिमिटेड | १,०००,००० | १०० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ जेठ २१ |
| ९ | श्री डिष्टिलरी लिमिटेड | ९६०,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ असार १ |
| १० | भुगर्भ सिमेन्ट लिमिटेड | १,२६२,५०० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ भदौ १३ |
| ११ | रिद्धिसिद्धि सिमेन्ट लिमिटेड | १२,१७१,५०० | २१४.१० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ असोज १८ |
| १२ | सागर डिष्टिलरी लिमिटेड | ७९२,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ असोज २१ |
| १३ | अम्बे स्टिल्स लिमिटेड | ११,१९२,७२७ | ३०३ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ कात्तिक ७ |
| १४ | एभरेष्ट कलर लिमिटेड | ७८०,००० | ५० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २८ |
| १५ | सर्वोत्तम पेन्ट्स इण्डष्ट्रिज लिमिटेड | ८५०,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८१ फागुन २० |
| १६ | महाशक्ति सिमेन्ट लिमिटेड | १७,८५०,८५७ | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८१ फागुन २६ |

### नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका जलविद्युत् समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | दरम खोला हाइड्रो इनर्जी लिमिटेड | ३,९५०,००० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० भदौ ५ |
| २ | भुजुङ्ग हाइड्रोपावर लिमिटेड | १,४५५,००० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८० भदौ १३ |
| ३ | याम्बालिङ्ग हाइड्रोपावर लिमिटेड | २,८००,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० असोज १० |
| ४ | माबिलुङ्ग इनर्जी लिमिटेड | १,८९०,५३० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० असोज १४ |
| ५ | सोलु हाइड्रोपावर लिमिटेड | २०,०००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० असोज २३ |
| ६ | टक्सार पिखुवाखोला हाइड्रोपावर लिमिटेड | ४,२३०,६६८ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असोज २६ |
| ७ | रिज लाईन इनर्जी लिमिटेड | ५,८०४,२०१ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० मङ्सिर २५ |
| ८ | कालिन्चोक हाइड्रोपावर लिमिटेड | ७५०,००० | १०० | आरबिबि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८० माघ २२ |
| ९ | हिम रिभर पावर लिमिटेड | १,३३०,००० | १०० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८० माघ २८ |
| १० | लोअर इर्खुवा हाइड्रोपावर कम्पनी लिमिटेड | २,८०५,७५० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० फागुन ११ |
| ११ | बुंगल हाइड्रो लिमिटेड | २,९०५,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| १२ | कलंगा हाइड्रो लिमिटेड | ४,९००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| १३ | सानीगाड हाइड्रो लिमिटेड | ८,५५०,००० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| १४ | एपेक्स मकालु हाइड्रोपावर लिमिटेड | २,४००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० चैत १८ |
| १५ | अपोलो हाइड्रोपावर लिमिटेड | १,४१०,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८० चैत २० |
| १६ | गौरीशंकर पावर डेभलपमेन्ट लिमिटेड | २,४००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० चैत २१ |
| १७ | शिखर पावर डेभलपमेन्ट लिमिटेड | २,१६०,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८० चैत ३० |
| १८ | सिउरी न्यादी पावर लिमिटेड | ३०,३६०,७८४ | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ वैशाख १८ |
| १९ | सुपर खुदी हाइड्रोपावर लिमिटेड | ७,५९५,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८१ वैशाख ३० |
| २० | माउण्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेड | २,५८०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ जेठ ६ |
| २१ | आशुतोष इनर्जी लिमिटेड | १,२००,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ जेठ २१ |
| २२ | हिलटन हाइड्रो इनर्जी लिमिटेड | १,३७५,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ जेठ २४ |
| २३ | स्नो रिभर्स लिमिटेड | १,६२५,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ जेठ २४ |
| २४ | सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड | १,३७९,३५० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८१ असार ४ |
| २५ | मादमे खोला हाइड्रोपावर लिमिटेड | ३,२५०,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ साउन १३ |
| २६ | निलगिरी खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ४,३२०,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ साउन २२ |
| २७ | पिपुल्स इनर्जी लिमिटेड | ६,६००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ साउन २३ |
| २८ | चम्पावती हाइड्रोपावर लिमिटेड | १,६००,००० | १०० | आरबिबि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ कात्तिक ४ |
| २९ | हीम पर्वत हाइड्रोपावर लिमिटेड | ५,९१५,००० | १०० | सिटिजन्स क्यापिटल लिमिटेड | २०८१ मङ्सिर ५ |
| ३० | सेन्चुरी इनर्जी लिमिटेड | ३००,००० | २७५.११ | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर १४ |
| ३१ | ह्याविटयाट पावर कम्पनी लिमिटेड | १,१००,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २१ |
| ३२ | नुम्बुर हिमालय हाइड्रोपावर लिमिटेड | ३,००६,२०२ | २१८ | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८१ पुस ७ |
| ३३ | युनाइटेड मेवा खोला हाइड्रोपावर लिमिटेड | १२,३००,००० | १०० | सिटिजन्स क्यापिटल लिमिटेड | २०८१ पुस ११ |
| ३४ | आरती पावर कम्पनी लिमिटेड | ३,६००,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८१ फागुन ९ |
| ३५ | मेवा डेभलपर्स लिमिटेड | ११,२००,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८१ फागुन ९ |
| ३६ | म्याग्दी हाइड्रोपावर लिमिटेड | ४,७४५,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ चैत २७ |
| ३७ | अर्बिट इनर्जी लिमिटेड | ५,०००,००० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८१ वैशाख २२ |

### नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लघुवित्त समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | स्वस्तिक लघुवित्त वित्तीय संस्था लि. | ८०,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लि. | २०८० माघ २४ |

### नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लघुबीमा समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ असोज २० |
| २ | स्टार माइक्रो इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर ९ |
| ३ | लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २० |

### नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका विकास बैंक समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | सालपा विकास बैंक | १,७२३,८८० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८२ वैशाख २३ |

### नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लगानी समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | बरूण इन्भेष्टमेण्ट लिमिटेड | २,४७५,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८० पुस २५ |
| २ | सिड इनर्जी लिमिटेड | १,५९८,५०० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८० चैत ४ |
| ३ | शिवम होल्डिङ्ग्स लिमिटेड | ११,६००,००० | २१० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८१ जेठ २९ |


### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **द सगतानी एक्जिम प्रा. ली.** ले **भारत** बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न वमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

| SN. | Details | Type | Brand | Model | Capacity | Origin | Unit | MRP |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioner | Domestic Appliances | IFB | H&C Model HI123NE123GM1 | 1.0 Ton (3 star) | India | SET | 105900 |
| 2 | Air Conditioner | Domestic Appliances | IFB | H&C Model, HI183NE223GM1 | 1.5 Ton (3 star) | India | SET | 128900 |

*विक्रेता फर्मको नाम : द सगतानी एक्जिम प्रा.ली.*
*ठेगाना : वाफल-१३, काठमाण्डौ*
*फोन नं. : ९८५१२४५५३६, ०१४२७२५२१*

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२/०२/१६ गते)

तपसिलमा उल्लिेखित यस बैंकका खातावालाहरुको मृत्यु भएको भनि सम्बन्धित खातावालाको हकवालाले बैंकसमक्ष निवेदन पेश गरी मृतक व्यक्तिको खातामा रहेको रकमका सम्बन्धमा आवश्यक कागजात सहित यस बैंकको शाखा कार्यालयमा निवेदन दिनुभ एको हुदाँ, उक्त खातावालाको नाममा रहेको निक्षेपउपर बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम उल्लेखित व्यक्ति बाहेक अन्य कोही कसैको हकलाग्ने भएमा त्यस्ता हकवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण सम्बन्धित शाखा कार्यालयमा हकदाबी गर्न आउनुहोला भनि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

| क्र. सं. | मृतक खातावालको नाम | ठेगाना | खाता नं. | शाखा कार्यालय | मृत्यु भएको मिति | हकदावी गर्नेको नाम (नाता) |
|---|---|---|---|---|---|---|
| ०१. | **पुर्ण प्रसाद जोशी**<br>बाबु: दशरथ जोशी<br>बाजे: लक्षी प्रसाद जोशी<br>पत्नी: काली जोशी | कैलाली जिल्ला, पथरैया म./ उप.म.न.पा./ न.पा./गा.पा, वडा नं ०८ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, लम्कीचुहा म./उप.म.न.पा./न.पा./गा.पा, वडा नं. ०१ | १६२०१७८५४७००००१ | लम्की | २०८१/११/२३ | कमल राज जोशी (छोरा) |
| ०२. | **डम्बर ब. क्षेत्री**<br>बाबु: दिन ब. क्षेत्री<br>बाजे: धनबिर क्षेत्री<br>पत्नी: सुस्मा क्षेत्री | कञ्चनपुर जिल्ला, पुनर्बास न.पा. वडा नं. ०६ | १५४०३२२४२०५००००१ | आई बि आर डी | २०८१/१२/२५ | सुस्मा क्षेत्री (पत्नी) |
| ०३. | **विर भरत सिंह वस्नेत**<br>बाबु: अनिरुद्र सिंह वस्नेत<br>बाजे: सोरुप सिंह वस्नेत<br>पत्नी: सिता देवी वस्नेत | नवलपरासी जिल्ला सिसाबार गा.पा.-१ ठेगाना भई हाल हुप्सेकोट गाउँपालिका वंडा नं. ०४, झ्यालवास | २६८०१७८७३६२००००१ | हुप्सेकोट | २०८१/१०/२५ | सिता देवी वस्नेत (पत्नी) |
| ०४. | **माया सावद**<br>बाबु: कुल बहादुर बुढाथोकी<br>बाजे: लाल बहादुर बुढाथोकी<br>पति: शेर बहादुर सावद | बर्दिया जिल्ला ठाकुरबाबा नगरपालिका वंडा नं ०४ | ०९१०२७३७७६६००००१ | ठाकुरबाबा, बर्दिया | २०८१/१०/१० | शेर बहादुर सावद (पति) |
| ०५. | **भक्तिराम चापागाई** | सिन्धुपाल्चोक जिल्ला, बाह्रबिसे न.पा., वडा नं ४ | २०५०२१९१२८५००००१ | बाह्रबिसे | २०७९/०८/२४ | इन्द्रलाल श्रेष्ठ (संयुक्त खातावाला) |
| ०६. | **हरि बहादुर नेपाली दमाई**<br>बाबु: टलक बहादुर नेपाली<br>बाजे: सेते नेपाली<br>पत्नी: बाल मैया दमिनी नेपाली (वाल कुमारी नेपाली) | ललितपुर जिल्ला, छम्पी गा.बिस. वडा नं ०१, (हाल ललितपूर जिल्ला, गोदावरी न.पा. वडा ०९) | ०६३०३००००८००००००१ | जगाती | २०८१/१२/१९ | जय कुमार नेपाली दमाई (छोरा) |
| ०७. | **गोपी नेपाल**<br>बाबु: दुर्गा बहादुर नेपाल<br>बाजे: ईन्द्र बहादुर नेपाल<br>पत्नी: कान्छि नेपाल | धादिङ जिल्ला, गल्छी म.न.पा/ उ.म.न.पा./गा.पा वडा नं.०८ | १६००७२३९१४००००१ | महादेबबेशी | २०८२/०१/०८ | कान्छि नेपाल (पत्नी) |
| ०८. | **दीपा दिक्षित**<br>बाबु: वामदेव शर्मा<br>बाजे: रमाकान्त शर्मा<br>पति: अजय मणि दिक्षित | काठमाडौं जिल्ला, वडा नं ०४, बालुवाटार | ०४३००८४७७८९००००४ | नक्साल | २०८२/०१/०६ | आश्रय दीक्षित (छोरा) |
| ०९. | **रामकली देवी महतो**<br>बाबु: हरि महतो कोइरी<br>बाजे: बाल गोविन महतो<br>पति: शम्भु महतो | सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. १४ लालदियार | ०९३०२७७२२२३००००२ | बरहथवा | २०८१/०८/२४ | राम विश्वास महतो (छोरा) |
| १०. | **पुनित ठाकुर लोहार**<br>बाबु: श्री रुपलाल ठाकुर<br>बाजे: श्री भोला ठाकुर<br>पत्नी: पनमा देवी | रौतहट जिल्ला, जेठरहिया गा.बि.स.वडा नं ५, ( हाल यमुनामाई गा.पा. वडा नं. ०१, जेठरहिया) | २६२०२०७१८३८००००१ | यमुनामाई, रौतहट | २०८१/११/२८ | पनमा देवी (पत्नी) |
| ११. | **सानुमैया महर्जन**<br>बाबु: श्री बखु वहादुर महर्जन<br>बाजे: श्री हर्मन महर्जन<br>पति: स्व. राजु महर्जन | काठमाण्डौं जिल्ला, काठमाण्डौं म.न.पा वडा नं १९, (हाल नागार्जुन न.पा. वडा नं. ०५, भैरवटोल) | ३०७०३०४७६६८००००१ | सितापाइला, काठमाण्डौ | २०८२/०१/२२ | अशोक महर्जन (छोरा) |
| १२. | **संजिव चौधरी**<br>बाबु: निर्मल चौधरी<br>बाजे: अशोक चौधरी | दाङ जिल्ला घोराही उप महानगरपालिका वंडा नं १६ | ०२५००१५२९७००००००१ | सल्यान | २०८२/०१/०१ | उर्मिला चौधरी (पत्नी) |

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
शुक्रवार, १६ जेठ २०८२ | Friday, 30 May 2025
आर्थिक अभियान




*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

**सगरमाथा दिवसको अवसरमा बिहीवार काठमाडौंको क्षेत्रपाटीमा आयोजित प्रभातफेरीका सहभागीहरू । सगरमाथामा पहिलो आरोहण भएको सम्झनामा हरेक वर्ष मे २९ का दिन सगरमाथा दिवस मनाइन्छ ।**

बजेटमा वित्तीय क्षेत्र

# पुराना र असफल कार्यक्रमलाई पुनः निरन्तरता

**यादव हुमागाई**
काठमाडौं

सरकारले पुराना र असफल कार्यक्रमलाई आगामी आर्थिक वर्ष (आव) २०८२/८३ को बजेटमार्फत पुनः निरन्तरता दिने भएको छ ।

अर्थमन्त्री विष्णु पौडेलले बिहीवार आगामी आव २०८२/८३ को वार्षिक बजेट प्रस्तुत गर्दै यसअघि घोषणा भइसकेका 'एसेट म्यानेजमेन्ट कम्पनी' र नियो बैंक स्थापना गर्ने तथा असफल भएको सहुलियत ब्याजदर कर्जा योजना पनि अघि सारेका छन् । बजेटमा बैंक, वित्तीय संस्थाहरूको खराब कर्जा तथा गैरबैंकिङ सम्पति व्यवस्थापनका लागि एसेट म्यानेजमेन्ट कम्पनी स्थापना गर्ने घोषणा गरिएको छ । उच्चस्तरीय आर्थिक सुधार आयोगको सुझाव अनुसार सरकारले आवको नीति तथा कार्यक्रममा सम्पत्ति व्यवस्थापन कम्पनी बनाउने घोषणा गरिएको थियो । खनाल आयोगले बैंकहरूको गैरबैंकिङ सम्पत्ति व्यवस्थापन गर्न 'खराब बैंक' स्थापना गर्न सिफारिस गर्दै सार्वजनिक-निजी साझेदारीमार्फत यस्तो संस्था बनाउन सकिने आयोगको सुझाव दिएको थियो ।

नेपाल राष्ट्र बैंकले पनि पछिल्लोपटक चालू आव २०८१/८२ को मौद्रिक नीतिमा गैरबैंकिङ सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्ने प्रयोजनका लागि सम्पत्ति व्यवस्थापन ऐनको मस्यौदा तर्जुमा सरकारलाई बुझाउने घोषणा गरेको थियो । तर, आर्थिक वर्ष सकिनै लाग्दा समेत ऐनको मस्यौदा बुझाउन सकेको छैन ।

बजेटमा सरकारले यसअघि असफल भइसकेको बिनाधितो सहुलियत ब्याजमा ऋण दिने कार्यक्रम पुनः घोषणा गरेको छ । अर्थमन्त्री पौडेलले बजेटमा 'शिक्षित युवालाई उद्यमशील र स्वरोजगार बनाउन शैक्षिक योग्यता, व्यवसाय दर्ता, शीप परीक्षणको प्रमाणपत्र र परियोजना प्रस्तावको आधारमा विनाधितो रू. दुई लाखदेखि बीस लाखसम्म तीन प्रतिशत ब्याजदरमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराइने' घोषणा गरेका छन् ।

सरकारले सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि जारी गर्दै बैंकहरूबाट व्यावसायिक कृषि तथा पशुपन्छीपालन, शिक्षित युवा स्वरोजगार, विदेशबाट फर्केका युवाको परियोजना, महिला उद्यम, दलित व्यवसाय विकास, उच्च प्राविधिक तथा व्यावसायिक शिक्षा, भूकम्पपीडित निजी आवास निर्माण, कपडा उद्योग, प्राविधिक तथा व्यावसायिक र युवा स्वरोजगार गरी १० ओटा क्षेत्रमा कर्जा दिँदै आएको छ ।

अघिल्लो आवको बजेटमा कर्जाको प्रभावकारिता अध्ययनका आधारमा सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यक्रम पुनःसंरचना गर्ने घोषणा गरेको सरकारले चालू वर्षमा भने सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानसम्बन्धी कार्यविधि पुनरवलोकन गर्ने घोषणा गरेको छ । तर, हालसम्म यसले अन्तिम रूप पाएको छैन ।

नेपाल बैंकर्स संघका पूर्वअध्यक्ष भुवनकुमार दाहाल सहुलियत ब्याज अनुदानको कर्जा कार्यक्रम असफल भइसकेको अवस्थामा पुनः सोही कार्यक्रम दोहोऱ्याउनुको अर्थ नभएको

**नेपाल बैंकर्स संघका पूर्वअध्यक्ष भुवनकुमार दाहाल सहुलियत ब्याज अनुदानको कर्जा कार्यक्रम असफल भइसकेको अवस्थामा पुनः सोही कार्यक्रम दोहोऱ्याउनुको अर्थ नभएको बताउँछन् ।**

बताउँछन् । 'सरकार आफैले अनुदानबापतको रकम बैंकहरूलाई दिन सकेको छैन,' उनले भने, 'पुरानै कार्यक्रमको औचित्यमाथि प्रश्न उठिरहेका बेला फेरि सोही कार्यक्रम घोषणा गर्नुको औचित्य छैन ।'

सहुलियत कर्जा दुरुपयोग भएको भेटिएपछि राष्ट्र बैंकले चालू आवको दोस्रो त्रैमासमा मात्र १५ ओटा बैंक, वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत (सीइओ)हरूलाई कारबाही गरेको छ । राष्ट्र बैंक स्रोतका अनुसार उत्पादन बढाउन दिएको सहुलियपूर्ण कर्जा घरजग्गा खरीद तथा व्यक्तिगत प्रयोजनमा दुरुपयोग भएको भेटिएको छ । महालेखा परिक्षक कार्यालयले समेत यसको औचित्यमाथि प्रश्न उठाउँदै पुनःसंरचना गर्न सरकारलाई निर्देशन दिएको छ ।

यसैगरी बजेटमा चालू आवको मौद्रिक नीतिमा उल्लेख भइसकेको नियो बैंक स्थापना गरिने घोषणा गरिएको छ । चालू आवमा मौद्रिक नीतिमा राष्ट्र बैंकले डिजिटल बैंकको लाइसेन्स दिने घोषणा गरे पनि कानूनी प्रावधान नहुँदा अघि बढ्न सकेको छैन । हाल संसद्मा छलफलको क्रममा रहेको बैंक वित्तीय संस्था सम्बन्धी ऐन (बाफिया) को संशोधन विधेयकमा यो विषय पनि समेटिएको छ ।

यसैगरी अर्थमन्त्री पौडेलले बजेटको नीति तथा कार्यक्रमको कार्यान्वयनमा सघाउ पुग्नेगरी नेपाल राष्ट्र बैंकबाट मौद्रिक नीति जारी हुने उल्लेख गर्दै मौद्रिक नीतिले समेट्ने कार्यक्रम आफै घोषणा गरेका छन् । बजेटमा दुर्गम क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको पहुँच विस्तार गरी ग्रामीण अर्थतन्त्रको विकास गरिने, डिजिटल, मोबाइल तथा शाखारहित बैंकिङ सेवा विस्तार गरिने उल्लेख छ ।

लघुवित्त संस्थाहरूको संस्थागत तथा आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गरिने, समस्यामा परेका लघुवित्त ऋणीहरूको पुनरुत्थानका लागि सहुलियतपूर्ण ब्याजदरमा कर्जा उपलब्ध गराउन सहजीकरण गरिने, अर्थतन्त्रलाई गतिशील तुल्याउन निजीक्षेत्रमा प्रवाह हुने कर्जा विस्तार गरिने र विद्यमान क्षेत्रगत जोखिम व्यवस्थामा पुनरवलोकन गरी कार्यशील पूँजीका लागि कर्जा प्रवाहमा सहजीकरण गरिने पनि घोषणा गरिएको छ ।

बजेटले चालू आर्थिक वर्षमा विवादित भएको डिजिटल भुक्तानीमा लाग्दै आएको मूल्य अभिवृद्धि कर (भ्याट) खारेज गरेको छ । गत आवको बजेटमा सरकारले विद्युतिय भुक्तानीमा भ्याट लगाएपछि सर्वत्र आलोचना भएको थियो ।

यसैगरी प्राकृतिक प्रकोप, विपद् र दूर्घटनाबाट हुने क्षतिबाट सुरक्षा गर्न सम्पत्ति बीमाको दायरा विस्तार गर्ने र बीमा कम्पनीहरूलाई ग्रामीण स्तरसम्म पहुँच विस्तार गर्न निर्देशित गरिने उल्लेख गरिएको छ । साइबर सुरक्षा बीमा सेवा सञ्चालन गर्नुका साथै निक्षेप तथा कर्जा सुरक्षण कोषको सम्भावित जोखिम व्यवस्थापनका लागि पुनर्बीमाको व्यवस्था मिलाइने योजना पनि अघि सारिएको छ ।


## लु (तातोहावा) का असर र बच्ने उपाय

**'लु' का असर**

- थकाइ लाग्ने,
- कमजोरी हुने,
- बढी तिर्खा लाग्ने,
- टाउको दुख्ने,
- खुट्टा बाउँडिने,
- रिङ्टा लाग्ने,
- बेहोस हुने,
- मासँपेशी दुख्ने,
- वान्ता हुने आदि ।

**'लु' बाट बच्ने उपाय**

- प्रशस्त पानी तथा झोल पदार्थ पिऊँ,
- शरीर कमजोर भएमा जीवनजल पिऊँ,
- शितल छहारीमा बसौं,
- घाम लागेको बेला खेतबारीमा काम नगरौं,
- घाममा निस्कँदा छाता ओढौं,
- अत्यावश्यक कामबाहेक बाहिर ननिस्कौं,
- मौसमी फलफूल र तिनको रस सेवन गरौं,
- 'लु' लागेमा नजिकको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


तीतोमीठो

# जब गृहमन्त्रीजी चिप्लिए...



मदन लम्साल

बिहान बिहानै गृहमन्त्रीजी एअरपोर्टतिर हिँडिरहेका थिए, अचानक भिजिट भिसामा परेर चिप्लिएर लडेछन् । मन्त्री लड्दा देशको इज्जत चिप्लन्छ कि उनीहरूको पद कि राजनीति, अहिलेसम्म पत्तो छैन । त्यसो त मन्त्रीहरू बेलाबेलामा लडिरहन्छन्, कहिले जिब्रो चिप्लिएर त कहिले खुट्टा । कहिले स्टेटमेन्टमा त कहिले कमिटमेन्टमा । कहिले अट्याचमेन्टमा त कहिले पेमेन्टमा । अझ कहिले मनमा त कहिले धनमा । यी मन्त्रीजी पहिलोचोटि लडेका चैं होइनन् । उनी पनि अरू मन्त्रीहरूजस्तै जतिबेला मौका पाउँछन्, लडिहाल्छन् । राजनीति भन्ने कुरा नै त्यस्तो हो- यहाँ मज्जाले लड्ने चलन हुन्छ । कोही लड्न चाहेन भने पनि लडाउन तम्सिनेहरू थुप्रै हुन्छन् । जो जतिजति लड्छन्, उनीहरू फेरि उठ्छन् पनि ।

पहिलो ६ महीनासम्म कोही लडेन भने मन्त्रालयमै खुसुरफुसुर शुरू हुन्छ । कर्मचारीहरू शंका उपशंका गर्न थाल्छन्- हाम्रो बीचमा कहीं भोलाराम ठाकुर नाई पो मन्त्री बनेर आएछन् कि क्या हो भनेर ।

त्यसो त मन्त्रालयहरू अति मिलनसार याने कोअपरेटिभ छन् । जब मन्त्रालयमा मन्त्रीजी नयाँ-नयाँ आउँछन् र लड्ने अथवा भनौं तल झर्ने कुरामा उनीहरू निकै लाज मान्छन्, तब उनीहरूको इमानदारीको बर्दी उतार्न विशेष पूजापाठ नै आयोजना शुरू हुन्छ । विधि विधानसहित, सम्पूर्ण सावधानीका साथ पहिलोचोटि राम्ररी लडाउन थालिन्छ । त्यसपछि त के भन्नु, 'कहिल्यै पछाडि फर्केर हेर्नु पर्दैन' । मन्त्रीजीहरू आफै चिप्लि-चिप्लिकन लड्न थाल्छन् ।

पछिल्लो चरणमा त यस्तो अभ्यास हुँदै गएको छ कि मन्त्रीजीहरू कार्यालय ढिलो पुग्ने, तर गिर्ने कर्म पहिल्यै सकाएर आउने गर्न थालेका छन् । अलि धेरै नै गिर्नुपर्ने काम आइलाग्यो भने विदेशसम्मै पुगेर पनि राम्रैसित गिरेर आउनुपर्ने हुन्छ, उपचारको या कुनै कामको बहानामा ।

यो सबै कुरा तपाईंहरूलाई भन्नुको कारण यो हो कि तपाईंहरू यो बुझ्नुस् कि मन्त्रालयहरूमा लड्नु वा चिप्लनु कति आदरयोग्य कुरा हो । अस्तिभर्खर पनि कम्युनिष्ट आन्दोलनका महानायक (कसैकसैले खलनायक पनि भन्छन्) कता हो भव्य रिसोर्टमै पुगेर चिप्लिएर लडेछन् । यसलाई कसैले सांकेतिक रूपमा नेपाली कम्युनिष्ट आन्दोलन नै लडेको रूपमा पनि व्याख्या गर्ने गरेका छन् । तर मैले यसलाई विशुद्ध रूपमा सम्मानजनक जनतान्त्रिक चिप्लाइको रूपमा मात्र बुझेको छु ।

चिप्लाइ पनि मात्रा र असरका आधारमा लोकतान्त्रिक, गणतान्त्रिक, राजतन्त्रात्मक र स्वतन्त्र गरी फरक फरक हुन्छन् ।

यहाँ गज्जबको संयोग यो छ कि २०४६ सालयता सरकारमा त्यो पनि नेपाली कांग्रेसबाट मात्रै पनि ११ जना नेता त गृहमन्त्री बनेका रहेछन् । ११ जना गृहमन्त्रीमध्ये ६ जना त कुनै न कुनै कुरामा चिप्लिएर विभिन्न आरोपमा हिरासतमै बस्नुपरेको रहेछ । आरोप पुष्टि भएर तीनजना त कारागारमा चिप्लिन पुगेका छन् । कांग्रेस पार्टीको नाम चिप्ल्याएको भनेर उनीहरूको आलोचना पनि हुने गरेको छ । तर अहिले त्यसमध्ये कत्तिले त नेतागिरीबाटै संन्यास पनि लिइसके । अर्को संयोग पनि यो छ कि अरूभन्दा गृहमन्त्री बनेकाहरू प्रायः चिप्लने गर्दा रहेछन् । यसको कुनै गम्भीर कारण पनि हुन सक्छ ।

खैर, म यसो सोच्ने गर्छु यसरी लड्ने लडाउने कुरामा अभ्यस्त भैसकेका उनीहरूलाई विना चिप्लिएर वा नलडेर एक दिन काट्न पनि कत्ति गाह्रो हुँदो हो । एक प्रकारको ठूलै व्रत बसे जस्तो हुन्छ होला हगि ?

तर अहिलेका गृहमन्त्रीजी भने एअरपोर्टतिर टहल्दा टहल्दै ठेस लाग्यो

**तपाईंहरू यो बुझ्नुस् कि मन्त्रालयहरूमा लड्नु वा चिप्लनु कति आदरयोग्य कुरा हो । अस्तिभर्खर पनि कम्युनिष्ट आन्दोलनका महानायक (कसैकसैले खलनायक पनि भन्छन्) कता हो भव्य रिसोर्टमै पुगेर चिप्लिएर लडेछन् । यसलाई कसैले सांकेतिक रूपमा नेपाली कम्युनिष्ट आन्दोलन नै लडेको रूपमा पनि व्याख्या गर्ने गरेका छन् । तर मैले यसलाई विशुद्ध रूपमा सम्मानजनक जनतान्त्रिक चिप्लाइको रूपमा मात्र बुझेको छु ।**

अनि भाग्यले मुहार भुइँतर्फ परेर ढलेछन् । गिरावटको गुरुत्वाकर्षण सिद्धान्तले काम गऱ्यो होला । मुहार सीधै आकाशतर्फ परेको भए उनलाई पक्कै गाह्रो हुन्थ्यो । किनकि उनलाई सजिलै चिनेर पत्रकारले चिप्लाइको उद्गम ठ्याक्कै देखेर पूरै फेसबुक लाइभ गर्थे होलान् । रिखीजीले माइक मुखमै लगाएर 'गिर्दै गर्दा के सोच्नुभएको थियो ?' भनेर सोध्थे होलान् ।

भाग्यवश, गृहमन्त्रीजीका पछाडि पछाडि आईजीपी आउँदै रहेछन् । उनले दौडिएर सहयोगको लागि हात बढाएछन् । तर यस पटकको गृहमन्त्रीजीको गिराइको खास पीडा के थियो भने लडेपछि आईजीपी साबले जब मन्त्रीको हात खाली देखे, उनी अक्क न बक्क भएछन् । उनलाई ठूलै झट्का लागेजस्तो भएछ । जुन मान्छे लडदाखेरि सधैं रमाउँथे, आज यति दुःखी भए कि भनिसाध्यै छैन ।

खैर, यो लड्ने गिर्नेको बीचमा एउटा सानो स्पष्टीकरण दिन बाँकी रहयो- हाम्रा गृहमन्त्रीजी अरू नेताजस्ता मन्त्री चैं होइनन् है । उनी त सामान्य राजनीतिज्ञ लेखक पो हुन् । तर शुरूदेखि नै उनी 'नेता' भनेर चिनिए । विस्तारै विस्तारै मानिसहरूले चुनावी नारा झैं त्यो नाम पनि बिर्सिए र नयाँ नाम चलनमा आयो- मन्त्रीजी, जुन मन्त्रीजीलाई पनि बेस्कनै मन परेको थियो । उनको जवानी त राम्रै बित्दै थियो, तर बुढेसकालमा अलि के के नमिलेजस्तो भैराछ । हुन त सबैको आआफ्नै ट्रेजेडी हुन्छ । जिन्दगीमा तलमाथि त हुन्छ नै ।

मन्दीको हो कि मदिराको असरले मेरा जीवनमा पनि केही समयदेखि नयाँ नयाँ गिरावट अगाडि आइरहेका छन् । अहिले त मन्त्रीजीको जस्तै मेरै पनि जीवनमा पनि नयाँ नयाँ प्रकारको लडाइँ शुरू भएका छन् । एअरपोर्टमा लड्दा मन्त्रीजीको त एउटा मात्र दाँत झरेको थियो । आफ्नो त कपाल पनि झर्न थालेका छन् भन्या । साला कपाल शुरूमा त अलिअलि झर्न मात्र के शुरू भाथ्यो अहिले त डलरको अगाडि रुपैयाँ जत्तिकै झन् तल तल पो झर्दै गइराछ भन्या । प्रत्येक बिहान बजार खुल्नासाथ अर्थात् पहिलो काइँयोमै भयंकर गिरावट हुन थाल्छ । हुन त बजेट झर्छ, योजना झर्छ, कपाल झर्नु त सामान्य कुरा हो नि ।

गएको महीनामा मेरा पनि दुईटा दाँत झरेका थिए । अब बाँकीले पनि हामी पनि जान्छौं पो भन्न थालेका छन् बा । तर पनि मलाई भने बालै छैन । म यस्सो विचार गर्छु, केही दिनयता मन्त्रीजीका मनमा गहिरो शास्त्रीय किसिमको उदासी छाएको देखिएको छ, कतै आफ्नै पालामा थुनिएका पूर्वगृहमन्त्रीकै साथमा भित्र सँगै बस्नुपर्ने पो हो कि भनेर । त्यसैले होला हिजोआज उनको अनुहार लाजवन्ती झारको पातजस्तो भएको छ । बोलेपछि झनै ओइलाउने ।

मान्छेहरू झुठा आश्वासन दिन्छन्, भन्छन् कि बुढेसकालमा पैसा काम लाग्छ । केमा चैं काम लाग्छ र खै ? यता आफ्नो अनुहारका छाला हेऱ्यो, कांग्रेस र एमालेको नेतृत्व जस्तै विस्तारै खुकुलो हुँदै गइरहेको छ, चाउरिँदै गएको छ । ऐनामा गएर हेऱ्यो भने अनुहार पञ्चर भएको टायरजस्तो देखिन्छ । तर ती मन्त्रीका बडी गार्डहरूलाई हेर्दा भने अचम्म लाग्छ, सधैं हावा भरिएजस्तो, फुल-टाइट । हैन, उनीहरू के खान्छन्, कसरी खान्छन् होला हँ ? कुनै दिन भेटें भने सोधौंला जस्तो लागिरहेको थियो ।

नभन्दै एकदिन मैले अचानक मन्त्रीजीलाई बाटैमा भेटें र नजिकको पार्कको बेञ्चमा राखेर सोधें, 'मन्त्रीजी ठीक हुनुहुन्छ ? अस्ति एअरपोर्टमा ठूलो चोट त लागेन नि ?'


मन्त्रीजीले अलि रुन्चे स्वरमा भने, 'नराम्रोसित लडियो नि ।'

'धन्न हड्डी त भाँचिएनछ,' मैले पिठ्युँमा हात राख्दै सान्त्वना दिएँ ।

'दुईटा दाँतै झऱ्यो । ऊ त्याँ ढुंगाका छेउमा छन्,' मन्त्रीजीले भने ।

मैले देखें, उता ढुंगा मुस्कुराइरहेको थियो । साक्षी भएर होइन, साथी भएर ।

# बजेटबारे सरोकारवालाहरूको टिप्पणी



**विष्णु पौडेल**
**अर्थमन्त्री**

स्रोत व्यवस्थापनको सीमाभित्र रहेर जनताको चाहना र राष्ट्रको आवश्यकता सम्बोधन हुनेगरी यथार्थपरक बजेट ल्याएका छौं । बजेटले वित्तीय अनुशासन, मितव्ययिता र खर्च कटौतीलाई आत्मसात् गरेको छ । विगतका कमजोरीलाई दोहोरिन नदिने र अर्थतन्त्रका चुनौती सामना गर्नेगरी बजेट प्रस्तुत भएको छ ।



**डा. स्वर्णिम वाग्ले**
**सांसद तथा अर्थशास्त्री**

अंक र स्वरूप र विश्वसनीयता पुरानै हुन्छ कि भन्ने हामीलाई डर लागेको छ । त्यस्तै राजस्वको कुरा पनि त्यति पत्यारिला छैनन् । हिजोसम्म राजस्व १० खर्ब पनि नाघेको छैन, अहिले १५ खर्ब उठाउँछु भन्नु भएको छ ।



**वर्षमान पुन**
**पूर्वअर्थमन्त्री**

बलियो भनिएको सरकारले ल्याएको बजेट कमजोर देखियो । आकार ठूलो भयो । गत वर्षभन्दा एक खर्ब एक अर्ब ठूलो आएको छ । संशोधित अनुमानभन्दा २० प्रतिशत बढी आयो । के गर्न खोजेको भन्ने कुरा आएन । गतवर्ष बजेटमा अर्थतन्त्र रूपान्तरणका पाँच क्षेत्र भनेका थियौं, अहिले के भन्ने छैन । स्टार्टअप र आइसिटी क्षेत्रमा पनि बजेट छरिएर रहेको छ ।



**कमलेशकुमार अग्रवाल**
**अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स**

अहिलेको विषम परिस्थितिमा आएको बजेट भए पनि सन्तुलित र उद्यमी व्यवसायमा उत्साह जागृत गर्नेखालको छ । निजीक्षेत्रका धेरै कुरा बजेटमा समेटिएका छन् ।

उत्पादन प्रवर्द्धनका लागि जग्गाहरू भाडा (लिज)मा दिने, उद्योगहरू काठमाडौंबाट सार्नुपऱ्यो भने त्यसमा सहजीकरण, अपार्टमेन्ट पनि लामो समयसम्मका लागि भाडामा लिने जस्ता विषय सकारात्मक छन् । यसले निजीक्षेत्र उत्साहित देखिएको छ । सानासाना आयोजनाभन्दा पनि कम्प्याक्ट बजेटको रूपमा अहिलेको बजेट आएको छ ।



**अशोककुमार टेमानी**
**अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ, मधेश प्रदेश**

बजेट विगतका वर्षहरूको निरन्तरताजस्तै छ । कृषिमा व्यवसायीकरणका लागि भूमि बैंकको स्थापनाको नीति सकारात्मक छ । उधारो असुलीको कानूनको कुरा आएको छ । यो निजीक्षेत्रले माग गर्दै आएको विषय हो । आईटीमा आयकर नलाग्ने घोषणा ठीक हो । बजेटले पूँजीगत खर्चको आकार बढाउन सकेन । बजेट छर्ने काम बढी भएको छ ।



**हरि गौतम**
**अध्यक्ष, वीरगञ्ज उद्योग वाणिज्य संघ**

समस्या समाधानका लागि निकास दिनेगरी बजेट आएन । अन्दाजका भारमा राजस्वको लक्ष्य भेटिँदैन । अहिलेसम्म १० खर्ब पनि राजस्व उठेको छैन ।

आगामी वर्षमा साढे १३ खर्ब कसरी पुग्छ ? २० प्रतिशत कसरी बढ्छ ? व्यवसाय र उद्योग बढेको छैन । ऋण आउने आधार देखिएको छैन । सहायता १० प्रतिशत पनि आएको छैन । बजेट चालू खर्च घटाउन निर्मम हुन सकेन । अग्रिम आयकर खारेज सकारात्मक छ ।

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर